# आर्थिक वर्ष २०७६/७७ को बजेट तथा वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाण्डौ

२०७५

# बिषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. आवधिक योजनासँग मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेटको सामञ्जस्यता | १ |
| २.१ राष्ट्रिय सोच | २ |
| २.२ राष्ट्रिय लक्ष्य | २ |
| २.३ राष्ट्रिय उद्देश्य | २ |
| २.४ राष्ट्रिय रणनीति | २ |
| २.५ रूपान्तरणका संवाहक | ६ |
| २.६ प्रमुख विषय क्षेत्रगत रणनीति | ७ |
| ३. दिगो विकासका लक्ष्यसँगको सामञ्जस्यता | २७ |
| ४. समष्टिगत आर्थिक खाका | २८ |
| ५. समष्टिगत मार्गदर्शन | २८ |
| ६. संघबाट सञ्चालन हुने तथा प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम तथा आयोजनाको बाँडफाँट | ३० |
| ६.१ संघबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड | ३१ |
| ६.२ प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड | ३२ |
| ६.३ स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड | ३२ |
| ७. खर्च प्रभावकारिता तथा मितव्ययिता | ३३ |
| ७.१ प्रशासनिक तथा चालु खर्च | ३३ |
| ७.२ पुँजीगत खर्च | ३४ |
| ७.३ वित्तीय व्यवस्था | ३४ |
| ८. मध्यमकालीन खर्च संरचना तर्जुमा | ३४ |
| ९. कार्यक्रम तथा आयोजना छनौट तथा प्रस्ताव | ३५ |
| १०. कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्यांकन | ३६ |
| ११. संलग्न गर्नुपर्ने विवरण | ३६ |
| अनुसूचीहरू | ३७ |
| अनुसूची १: आगामी आर्थिक वर्षको स्रोतको आँकलन र विकास कार्यक्रम बाँडफाँटका आधार | ३७ |
| अनुसूची २: संघमा रहने कार्यक्रम/आयोजनाहरूको विवरण | ५२ |
| अनुसूची ३: प्रदेशमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाहरूको विवरण | ५२ |
| अनुसूची ४: स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाहरूको विवरण | ५२ |
| अनुसूची ५: मध्यमकालीन खर्च संरचना (२०७६/७७- २०७८/७९)मा समावेश गर्नुपर्ने विषयवस्तु | ५३ |
| अनुसूची ६: कार्यक्रम/आयोजना प्राथमिकीकरणका आधार | ५७ |
| अनुसूची ७: विकास आयोजना/ कार्यक्रमको प्राथमिकीकरणको आधारमा अंक प्रदान गर्ने तरिका | ६६ |
| अनुसूची ८: वार्षिक विकास कार्यक्रमको खाका | ७३ |

# आर्थिक वर्ष २०७६/७७ को बजेट तथा वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५

## १. पृष्ठभूमि

संघ, प्रदेश र स्थानीय तहको विकासको संयुक्त प्रयासबाट मुलुक समृद्धिको मार्गमा अगाडि बढ्दै छ। चालु आर्थिक वर्ष २०७५/७६ चौधौं योजनाको अन्तिम वर्ष तथा पन्धौं योजना (२०७६/७७- २०८०/८१) तर्जुमाको आधार वर्ष हो। आगामी आर्थिक वर्ष २०७६/७७ पन्ध्रौ योजना कार्यान्वयनको पहिलो वर्ष भएकोले बजेट तर्जुमा तथा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापन गर्दा सो योजनाको प्रारम्भिक आधार-पत्रले लिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल हुने गरी गर्नुपर्नेछ।

पन्ध्रौ योजनामा तीब्र आर्थिक विकास तथा समृद्धि र नागरिकको परिष्कृत तथा मर्यादित जीवन सहित उच्च आयस्तर भएको मुलुकमा रूपान्तरण गर्ने दूरगामी सोच लिइएको छ। साथै, सुशासन, आर्थिक विकास, समृद्धि र समतामूलक समाज निर्माणको आधार तयार गर्ने लक्ष्य रहेको छ। तसर्थ यस मार्गदर्शनले पन्ध्रौ योजनाको प्रारम्भिक आधार-पत्रमा उल्लिखित सोच, लक्ष्य, उद्देश्य र रणनीतिको कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नुका साथै प्रदेश र स्थानीय तहलाई विकास योजना तर्जुमाको लागि नीतिगत मार्गदर्शन समेत प्रदान गर्नेछ।

दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण र स्थानीयकरण गरी कार्यान्वयनमा तीब्रता दिने गरी दिगो विकास लक्ष्य मैत्री योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने छ। आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा राष्ट्रिय गौरवका आयोजना सकेसम्म पन्ध्रौ योजना अवधि भित्र नै सम्पन्न गर्ने तथा आर्थिक समृद्धि सिर्जनाको आधार तयार गर्ने प्रकृतिका विकासका कार्यक्रम तथा आयोजना छनौट गर्ने, प्राथमिकीकरण गर्ने र योजना अवधि भित्र सम्पन्न गर्ने गरी आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ। सुशासन, विकास र समृद्धिको राष्ट्रिय कार्यसूची हासिल गर्न उच्च आर्थिक वृद्धि र उत्पादनमूलक रोजगारी सिर्जना गर्ने र अर्थतन्त्रलाई सबल र समुन्नत बनाउने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिनुपर्नेछ। वित्तीय संघीयताको पूर्ण कार्यान्वयन गर्न सक्ने गरी मिति २०७४/१२/७ (नेपाल सरकार मन्त्रिपरिषद्) को निर्णय र यस मार्गदर्शन वमोजिम क्रमागत कार्यक्रम/आयोजनाको संघ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ। वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य हासिल गर्ने गरी दिगो विकास लक्ष्यको आवश्यकता आँकलन र लगानी खाकालाई समेत ध्यान दिनु पर्नेछ।

## २. आवधिक योजनासँग मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेटको सामञ्जस्यता

पन्ध्रौं योजनाको प्रारम्भिक आधार-पत्रमा उल्लेख भएका देहायका पक्षलाई सम्बोधन हुने गरी मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने। पन्ध्रौ योजनाको प्रारम्भिक आधार पत्रले लिएका राष्ट्रिय सोच, लक्ष्य, उद्देश्य, रणनीति, रूपान्तरका संवाहक र प्रमुख क्षेत्रगत रणनीति देहायबमोजिम छन्।

## २.१ राष्ट्रिय सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र, सघन अन्तरआबद्धता तथा उच्च उत्पादकत्व भएको, समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

## २.२ राष्ट्रिय लक्ष्य

पन्धौं योजना समृद्धि र सुखको सिर्जना गर्ने आधार योजनाको रूपमा रहने र समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रुपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार तयार गर्ने।

## २.३ राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

## २.४ राष्ट्रिय रणनीति

आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा र मध्यमकालीन खर्च संरचना तयारी गर्दा देहायका राष्ट्रिय रणनीतिका आधारमा कार्यक्रम/आयोजनाको छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण गर्ने।

### १. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने

- आधारभूत तथा बृहत पूर्वाधार निर्माण, स्वच्छ ऊर्जाको उत्पादन तथा उपयोग, उच्च मूल्य तथा व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग र पर्यटन विकास तथा व्यापार विस्तार मार्फत् तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने।
- सार्वजनिक क्षेत्रको प्रभावकारिता अभिवृद्धिसँगै निजी, सहकारी तथा सामुदायिक क्षेत्रको बृहत्तर परिचालन तथा सुदृढीकरण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विकास तथा आयोजना व्यवस्थापन (Project Governance) मा सुधार गर्दै मुलुकलाई अन्तर्राष्ट्रिय/क्षेत्रीय आर्थिक (पर्यटकीय, व्यापारिक, शैक्षिक र वित्तीय) केन्द्रको रूपमा विकास गर्ने गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने।
- साथै, पुँजी, श्रम तथा प्राकृतिक स्रोत साधनको महत्तम उपयोग गर्न समष्टिगत तथा विषय क्षेत्रगत रणनीति अवलम्बन गर्ने गरी कार्यक्रम तथा आयोजना छनौट गर्ने ।

**२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने**

- स्थानीय स्तरसम्म सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा सहितको स्वास्थ्य पूर्वाधारहरूको विकास गर्दै स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहूँच स्थापित गर्ने गरी आयोजना/कार्यक्रम प्रस्ताव गर्ने ।
- औषधी तथा उपचार पद्धतिमा नवीनतम प्रविधिको उपयोग र जनशक्तिको उपलब्धता तथा दक्षता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता कायम गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- स्वास्थ्य बिमाको विस्तार गर्दै स्वास्थ्य प्रणालीमा सुधार गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने । स्वास्थ्यप्रति नागरिकलाई जिम्मेवार बनाउँदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षामा सुनिश्चितताका साथै गुणस्तरीय शिक्षामा सर्वसुलभ पहुँच, प्रविधिमैत्री, रोजगारमूलक र जीवनोपयोगी शिक्षाको विकास र विस्तार गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- स्थानीय स्तरसम्म प्राविधिक शिक्षा एवम् प्रदेश स्तरसम्म विशिष्टीकृत तथा उच्च शिक्षाको विस्तार तथा सुदृढीकरण गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- शैक्षिक तथा शिक्षण संस्थाको सुदृढीकरण, गुणस्तरीय पूर्वाधार निर्माण, सुशासन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवा तथा प्राविधिक तथा विशिष्टीकृत उच्च शिक्षा प्रदान गर्ने क्षेत्रीय केन्द्रको रूपमा नेपाललाई विकास गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

**३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो सहर/बस्ती विकास गर्ने**

- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडक सञ्जाल, सुरूङ्गमार्ग, द्रूतमार्ग, रेलमार्ग, जलमार्ग र विमानस्थल निर्माण गरी अन्तरआबद्धता विकास, उत्पादन लागत कटौती र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- यसले आन्तरिक र अन्तर्राष्ट्रिय व्यापार र गुणस्तरीय पर्यटन वृद्धिमा समेत सहयोग पुग्नेछ । पुनर्निर्माण लगायत बृहत् तथा निर्माणाधीन ठूला पूर्वाधार सम्पन्न गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- यस क्षेत्रको विकासका लागि आधुनिक प्रविधि र उपकरणमा लगानी वृद्धि गर्दै निर्माण व्यवसायको क्षमता र दक्षता अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- ऊर्जा उत्पादन तथा वितरण, खपत र दक्षता अभिवृद्धि गर्न पूर्वाधार विकास गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- यसका लागि बृहत्, जलाशययुक्त र निर्यातयोग्य आयोजनाहरूको निर्माण गर्दै आन्तरिक तथा अन्तरदेशीय विद्युत् प्रशारण लाइन निर्माण गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- साथै सौर्य, वायु, बायोग्यास लगायतका नवीकरणीय ऊर्जामा जोड दिँदै विद्युतीय उपकरण तथा सवारी साधनको उपयोगलाई प्रवर्द्धन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

- ऊर्जा दक्षता र विद्युत खपत वृद्धि गर्न आधुनिक विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- सूचना प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्न सूचना महामार्ग तथा सूचना प्रविधिसम्बन्धी आधुनिक पूर्वाधार निर्माण र विद्युतीय सेवा प्रवाह अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- बढ्दो बसाइसराई तथा शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक, सुरक्षित र दिगो सहर एवम् बस्ती विकास गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।
- आधुनिक पूर्वाधार सहितको सघन सहर, शहरी कोरिडोर, विशिष्टीकृत र पर्वतीय सहरहरूको निर्माण तथा प्रदुषणमुक्त शहरी पर्यावरण सहितको व्यवस्थित बस्ती विकास गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- खानेपानी क्षेत्रमा बृहत आयोजना निर्माण गर्दै प्रादेशिक तथा स्थानीय स्तरमा खानेपानी तथा फोहोर व्यवस्थापन र प्रशोधन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- एकीकृत बस्ती विकास, नागरिक आवास योजना निर्माणका साथै ग्रामीण र शहरी क्षेत्रबीच अन्तरआबद्धता अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

**४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने**

- सिँचाइ सुविधाको तीव्र र सघन विस्तार, भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन, उन्नत बीऊ बीजन, मल तथा आधुनिक प्रविधिको अवलम्बन, उच्च मूल्य तथा अर्गानिक कृषि उत्पादन र प्रशोधनमा जोड दिँदै कृषिको आधुनिकीकरण, व्यावसायिकीकरण र औद्योगिकीकरण गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- यसका लागि कृषि अनुसन्धान तथा प्रविधि विकास, कृषि बिमा, स्थानीय र प्रादेशिक तहबाट कृषिको प्रवर्द्धन, लगानी र बजार व्यवस्थापन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- प्रमुख खाद्यान्न बालीहरूसँगै मत्स्य तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी रणनीतिक हस्तक्षेप गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, आर्थिक कोरिडोर तथा औद्योगिक ग्रामहरूको स्थापना, विद्यमान उद्योगहरूको पूर्ण क्षमतामा सञ्चालन, साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन र उत्पादनमा आधारित प्रोत्साहन तथा सहुलियत एवम् नियमन गरी उत्पादन अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- कृषि तथा वनजन्य, निर्माणजन्य, औषधीजन्य, हस्तकला, तयारी पोशाक लगायतका उच्च आन्तरिक माग तथा तुलनात्मक लाभ भएका अन्य उत्पादनमूलक उद्योगहरूको विकास, पुनर्स्थापना र विस्तार एवम् क्षेत्रीय र विश्व मूल्य श्रृंखला (Value Chain) मा आबद्धता कायम गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- ऊर्जाको सहज र सुलभ आपूर्ति, पारवहन तथा भण्डारण लागत कटौती, स्वच्छ, परिष्कृत तथा आधुनिक प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान, उद्यमशीलता विकास, सामाजिक सुरक्षा योजना, असल श्रम सम्बन्ध तथा पर्यावरणीय सन्तुलनको माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- विमानस्थलहरूको निर्माण तथा स्तरोन्नति र अन्य प्रमुख पर्यटकीय पूर्वाधार निर्माण, पर्यटकीय गन्तव्य विकास, नेपाल भ्रमण वर्षको आयोजना र गुणस्तरीय पर्यटन प्रवर्द्धन गरी पर्यटन क्षेत्रको तीव्र विकास गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

- यातायात, व्यापार, वित्तीय सेवा लगायत सेवा क्षेत्रको आधुनिकीकरण, विकास र विस्तार गर्न रणनीतिक हस्तक्षेप गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- वित्तीय पहुँच, समावेशीता र साक्षरताको माध्यमबाट वित्तीय सेवाको प्रभावकारिता अभिवृद्धि गरिनेछ । साथै, यातायात तथा पारवाहन लागत तथा समय न्यूनीकरण, नियमन प्रणालीमा सुधार र व्यावसायिक लागतमा कटौती गरी अर्थतन्त्रको उत्पादकत्व वृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

**५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने**

- समावेशी आर्थिक वृद्धि, निरपेक्ष गरिबीको अन्त्य र आयको न्यायोचित वितरणका लागि उत्पादनका साधन, रोजगारी र अवसरमा न्यायोचित पहुँच, वितरण र उपयोग सुनिश्चित गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- संगठित तथा असंगठित क्षेत्रका रोजगारदाता, श्रमिक र नागरिकको सहभागिता एवम् योगदानमा आधारित बृहत् तथा एकीकृत सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम कार्यान्वयन गर्न रणनीतिक हस्तक्षेप गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- राज्यले सीमान्तीकृत तथा जोखिममा रहेका समुदाय तथा नागरिकहरूको विशेष संरक्षणका कार्यक्रम कार्यान्वयन गर्नेछ । सामाजिक सुरक्षासम्बन्धी कोषहरूलाई राष्ट्रिय आय वृद्धि तथा समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी परिचालन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

**६. लैंगिक समानता तथा विभेद, हिंसा र अपराध विरूद्ध शून्य सहनशीलता सहित न्यायपूर्ण समाज निर्माण गर्ने**

- लैंगिक समानता अभिवृद्धि र सबै प्रकारका हिँसा, विभेद, बहिष्करण तथा विकृतिको अन्त्य गर्दै सुरक्षित, सभ्य र समतामूलक समाज निर्माण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व लगायत सबै प्रकारका अवसरहरूमा समान पहुँच र वितरणमा जोड दिइनेछ । सामाजिक-साँस्कृतिक विविधता संरक्षण तथा प्रवर्द्धन, सामाजिक तथा सामुदायिक क्रियाकलाप एवम् सामाजिक पुँजी परिचालनद्वारा स्वस्थ र गतिशील सामाजिक जीवनको स्थापनामा जोड दिने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरआबद्धता र सहकार्यद्वारा स्वाधीनता, राष्ट्रिय एकता एवम् सामूहिक भावनाको अभिवृद्धि गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।
- नैतिक तथा नागरिक शिक्षा एवम् सामाजिक-सांस्कृतिक जागरणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । न्याय व्यवस्था र प्रणालीमा समसामयिक सुधार गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

**७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने**

- भूमि, वन, जलस्रोत तथा खनिज स्रोतको कृषि, उद्योग र सेवा क्षेत्रमा योगदान वृद्धि हुने गरी संरक्षण र परिचालन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

- वन क्षेत्रतर्फ व्यापारिक तथा कृषि  वन र गैर काष्ठ वनजन्य उत्पादन अभिवृद्धि गरिनेछ। वन पैदावारको वैज्ञानिक, व्यवस्थित तथा सन्तुलित उपयोग र पुनःवृक्षारोपण गरी काष्ठजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी रणनीतिक हस्तक्षेप गर्ने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- खानी र खानीजन्य क्षेत्रको सम्भाव्यता अध्ययन, विकास र मूल्य श्रृंखलामा आबद्ध गरिनेछ। प्रचुर मात्रामा रहेको जलस्रोतको बहुपक्षीय उपयोगका लागि एकीकृत आयोजनाहरू सञ्चालनमा ल्याउने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- साथै, प्राकृतिक स्रोतको उपयोग गर्दा जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलनमा जोड दिइनेछ। जलवायु परिवर्तन अनुकूलन र  विपद्को जोखिम न्यूनीकरण गर्ने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- विपद् व्यवस्थापनको पूर्वतयारी, उद्धार, राहत र पुनर्स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत र संरचनागत सुधार एवम् विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

**८. सार्वजनिक सेवा र संघीय शासन प्रणालीलाई  सुदृढ गर्ने**

- संघीय शासन व्यवस्थामा सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सार्वजनिक सेवालाई चुस्त, पारदर्शी र जवाफदेही बउने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सेवा र सुविधा स्थानीय तहबाट प्रदान गरिनेछ। सन्तुलित प्रादेशिक विकासका लागि उत्पादन, पूर्वाधार निर्माण र गुणस्तरीय सेवाको वितरण प्रदेश तहबाट गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- रणनीतिक विकास, उत्पादन, सेवाको सुनिश्चितता र अनुसन्धान तथा विकास संघको प्राथमिकतामा राखी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- तीनै तहका सरकारको सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय प्रणाली अवलम्बन तथा अन्तरआबद्धता (Inter-operability) विकास गर्ने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- विकास र समृद्धिका लागि सुशासनका बहुआयामिक पक्षहरूमा सुधार  गर्ने गरी  कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- वित्तीय सेवामा पहुँच, समावेशीता र साक्षरता अभिवृद्धि गरी संघीय शासन प्रणाली सुदृढ गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

## २.५ रूपान्तरणका संवाहक

देहाय बमोजिमका रूपान्तरणका सम्बाहकलाई प्राथमिकतामा राखी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नु पर्नेछ।

१. गुणस्तरीय यातायात, सूचना तथा सञ्चार पूर्वाधार निर्माण तथा बृहत् सञ्जालीकरण गर्ने;

२. गुणस्तरीय मानव पुँजी निर्माण गर्दै उपलब्ध सम्भावनाको पूर्ण उपयोग गर्ने;

३. जल विद्युत् उत्पादन वृद्धि गर्दै हरित अर्थतन्त्रलाई बढावा दिने;

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने;

५. गुणस्तरीय पर्यटन प्रवर्द्धन गरी पर्यटन सेवाको विकास, विस्तार र उपयोग गर्ने;

६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास गर्ने; र

७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण गर्ने।

## २.६ प्रमुख विषय क्षेत्रगत रणनीति

मन्त्रालय/ निकायबाट वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा देहायका विषय क्षेत्रगत रणनीतिलाई आधार लिई वार्षिक विकास कार्यक्रम तथा बजेट तथा बजेट प्रस्ताव गर्नु पर्नेछ।

### १. समष्टिगत अर्थतन्त्र

**बचत**

- रोजगारी र आय आर्जनका अवसर वृद्धि गरी बचत गर्ने क्षमता अभिवृद्धि गर्ने।
- घरपरिवार, निजी क्षेत्र र सहकारी तथा सामुदायिक संस्थालाई बचत गर्न प्रोत्साहन र आकर्षण गर्ने।
- वित्तीय प्रणालीको विकास तथा अनौपचारिक क्षेत्रको नियमन मार्फत व्यक्तिगत, संस्थागत र वैदेशिक रोजगारीको बचत परिचालन गर्ने ।
- बचत अभिवृद्धि तथा परिचालनमा अन्तरसरकारी समन्वय तथा निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहकार्य अभिवृद्धि गर्ने।

**सार्वजनिक खर्च**

- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गर्ने।
- सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने।
- संघ, प्रदेश र स्थानीय तहको विकासको आवश्यकतालाई सम्बोधन गर्ने गरी न्यायोचित र सन्तुलित अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने।
- सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाउने।

**राजश्व**

- सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने।
- राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने।
- आर्थिक क्रियाकलापको विस्तार र उत्पादनमूलक उद्योग तथा व्यवसायको संरक्षण र निर्यात प्रवर्द्धनमा सहजीकरण हुनेगरी कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने।
- कर संरचना र करका दरमा सामयिक सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने।
- संघीय प्रणाली अनुरूप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत पक्षमा सुधार गर्ने।
- गैर कर राजश्वका स्रोत पहिचान र विस्तार गरी राजश्वमा योगदान बढाउने।

**अन्तर्राष्ट्रिय विकास सहायता**

- राष्ट्रिय आवश्यकता, नीति तथा प्राथमिकताका आधारमा अधिकाधिक प्रतिफल पाउने गरी अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गर्ने ।
- विकास सहायता प्रभावकारिताका लागि पेरिस घोषणापत्र लगायतका उच्चस्तरीय अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् प्रचलित कानुन अनुरूप विकास सहायताको परिचालन गर्ने ।
- संघीय संरचना बमोजिम विकास सहायता प्रणाली रूपान्तरण गरी प्रादेशिक सन्तुलन र समन्यायिकताको सिद्धान्त अनुरूप विकास सहायता उपयोग गर्ने ।

**सार्वजनिक ऋण**

- सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने ।
- लागत प्रभावी, दिगो र उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने ।
- संघीय प्रणाली अनुरूप सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने ।

**अन्तर सरकारी वित्त**

- तीन तहका सरकारका एकल तथा साझा कार्य जिम्मेवारीहरू सामञ्जस्यतापूर्ण ढङ्गबाट पूरा गर्न स्रोत व्यवस्थापन गर्ने ।
- अन्तर-सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने ।
- संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहका सरकारमा वित्तीय सुशासन कायम गर्ने ।

**मौद्रिक तथा वित्तीय नीति**

- मौद्रिक तथा वित्तीय नीतिको प्रभावकारिता अभिवृद्धि गर्ने ।
- प्राथमिकताप्राप्त क्षेत्रतर्फ पर्याप्त वित्तीय स्रोत साधन परिचालन गर्ने ।
- वित्तीय साक्षरता अभिवृद्धि गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमा वित्तीय सेवा विस्तार गर्ने ।
- सुरक्षित, सक्षम र आधुनिक भुक्तानी प्रणालीको विकास गर्ने ।
- उच्च व्याजदरको समस्या समाधान गर्ने ।

**बिमा तथा पुँजी बजार**

- बिमा सेवालाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन तथा बीमितको हक हित सुनिश्चित गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने ।
- बिमा सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास तथा मापदण्डको आधारमा बिमा सेवा प्रदान गर्ने ।
- बिमा सेवाको विस्तार गरी न्यून आय भएका वर्गलगायत सम्पूर्ण नागरिक एवम् क्षेत्रमा पहुँच पुऱ्याउनका लागि उपयुक्त संयन्त्रको विकास गर्ने ।

- कानुनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार सञ्चालन तथा नियमन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने ।
- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिष्पर्धी र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- धितोपत्र बजारमा साना, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउने ।

**सार्वजनिक संस्थान**

- आवश्यकता र उपादेयताका आधारमा संघीय प्रणाली बमोजिम सार्वजनिक संस्थानको पुनर्संरचना, स्थापना र विनिवेश गर्ने ।
- कानुनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने ।

**सहकारी क्षेत्र**

- सहकारीको माध्यमबाट विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय एवम् प्राविधिक सहयोग उपलब्ध गराउने ।
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबूत बनाउने ।
- सहकारी संस्थाको सघनतालाई उत्पादनशील क्षेत्रमा केन्द्रीत गर्न प्रोत्साहन गर्ने ।
- सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने ।
- सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने ।
- सहकारी संघ/संस्था, कृषक समूह, व्यावसायिक फर्मको संलग्नतामा बायोग्यास प्लान्टको स्थापना, सञ्चालन तथा उत्पादित वस्तुको प्रयोगको लागि अनुदानको व्यवस्था गर्ने ।

## २. कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

**कृषि विकास**

- संघ, प्रदेश र स्थानीय सरकार तथा सम्बन्धित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा कृषि सम्बन्धी नीति, कानुन तथा योजना निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धता सुनिश्चित गर्ने ।
- कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीतिगत तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने ।
- कृषि पूर्वाधारहरुको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तरको अभिवृद्धि गर्दै कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने ।
- स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरुको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने ।

- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील हुने खालका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- आधार खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुने ।

**जलस्रोत तथा सिंचाइ**

- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने ।
- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने ।
- जलस्रोत सम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै यस क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने ।
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुका साथै बाढी पहिरोजन्य विपद्को दिगो एवम् भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैर-संरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धि गर्ने ।
- सिंचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरी सिंचाइ योजनाहरुको विकास एवम् विस्तार गर्ने ।
- नयाँ प्रविधिमा आधारित सिंचाइको विकास गर्नुका साथै सिंचाइ दक्षता वृद्धि गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिंचाई प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउनका लागि ठूला, बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।
- भूमिगत सिंचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने ।
- सिंचाइ प्रणाली मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने ।
- नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र संग्लग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्ने ।

**भूमि व्यवस्था**

- भूउपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने ।
- भूमिहीन दलित, कृषक, सुकुम्बासी, अव्यवस्थित बसोबासी लगायत सीमान्तीकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने ।
- आधुनिक प्रविधिमा आधारित नाप नक्साका आधारभूत पूर्वाधार तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना संकलन गर्ने ।
- भौगोलिक सूचना पूर्वाधारको अवधारणा बमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने ।
- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमीनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने ।

- नागरिकको भू-स्वामित्वको एकीकृत विद्युतीय अभिलेख तयार गर्ने।
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरुले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।
- आधुनिक प्रविधिमा आधारित भूमि सम्बन्धी अभिलेखहरुको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने।

**वन, जैविक विविधता तथा जलाधार**

- वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासबाट वस्तु र सेवाको विस्तार र विविधीकरण गर्ने ।
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको भूपरिधिस्तर र एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्ने ।
- भौतिक पूर्वाधार विकासका लागि वन क्षेत्रको उपयोग गर्दा एकीकृत प्रणालीको अवलम्बन गर्ने र यसको संरक्षण र विकासमा एकीकृत सोच बनाउने।
- नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने ।
- वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने।
- अनुसन्धान निकाय, विश्वविद्यालय र गैर सरकारी संस्थाबीच समन्वय तथा सहकार्य गरी शोध, अध्ययन, अनुसन्धान, जनचेतना र क्षमता अभिवृद्धि गर्ने।
- वन क्षेत्रको दिगो व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी आवश्यक कानुन निर्माण र कार्यान्वयन गर्ने।
- राष्ट्रिय आयमा वन क्षेत्रको योगदान बढाउने।

**३. उद्योग, वाणिज्य, आपूर्ति तथा पर्यटन**

**उद्योग**

- औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने।
- लगानीमैत्री वातावरण तयार गर्न प्रविधि प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास निर्माण गर्ने।
- उद्योग क्षेत्रलाई अन्य उत्पादनमूलक क्षेत्रको अन्तर सम्बन्धको आधारमा विकास र विस्तार गर्ने।
- खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा विकास गर्ने।
- प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने।
- उद्योग धन्दाको विकास र विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने।

**वाणिज्य**

- खाद्यान्न तथा आधारभूत उपभोगका र तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधीकरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।
- व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवम् विस्तार, सुशासन र प्रभावकारी नियमन, व्यापार सहजीकरण र सँस्थागत सुदृढकरण गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्ने ।
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रबर्द्धन गर्ने ।
- आर्थिक कुटनीतिलाई सुदृढ तुल्याउँदै व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउँदै अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आवद्धता र नेपाली सामानको बजार विस्तार गर्ने ।

**आपूर्ति**

- आपूर्ति व्यवस्था, प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हितसँग सम्बन्धित नीति, ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
- आपूर्ति व्यवस्थामा संलग्न संस्थानहरूको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने ।
- मानव, पशु तथा वनस्पतिको स्वास्थ्य र पर्यावरणमा पार्ने प्रभावका आधारमा खाद्य वस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागत मूल्य र आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- आधारभूत आवश्यकता तथा अत्यावश्यक वस्तु लगायतका सबै वस्तु तथा सेवाको बजारमा उपलब्धता तथा गुणस्तर, मूल्य  र आपूर्तिमा पारदर्शिता कायम गरी कृत्रिम अवरोध र अभावको अन्त्य गर्ने ।

**पर्यटन**

- छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा नेपाली पर्यटनको व्यापक प्रचारप्रसार र प्रबर्द्धन गर्ने ।
- पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्रहरु समेटेर एकीकृत पर्यटन विकास गर्ने ।
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारहरुको विकास, बजारीकरण र प्रर्बद्धन गर्ने ।
- पर्यटकीय गन्तव्यस्थलको पहिचान, विकास तथा विविधीकरण गर्न प्रादेशिक तथा स्थानीय सरकारहरूले अग्रणी रूपमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- पर्यटकीय उपजलाई मूल्य श्रृङ्खलामा आबद्ध गरी स्थानीय स्तरसम्म यस क्षेत्रको लाभ वितरण गर्ने ।

**४. ऊर्जा**

**जलविद्युत**

- जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी वृद्धि गरी विद्युत उत्पादनमा वृद्धि गर्ने ।

- विद्युत् आपूर्ति प्रणालीलाई सुदृढीकरण गर्न आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गर्ने।
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँच वृद्धि गरी खपत बढाउने।
- जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने।
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने।

**वैकल्पिक तथा अन्य ऊर्जा**

- वैकल्पिक ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग मार्फत शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई, उद्यमशीलता विकास र स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- प्रदेश र स्थानीय तहको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक ऊर्जा र भरपर्दो तथा पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रहरूमा वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने।
- नविनतम तथा ऊर्जा कुशलता भएका प्रविधिहरुको प्रयोगमा जोड दिने।
- वैकल्पिक ऊर्जाको क्षेत्रमा बैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिहरुलाई उपयुक्त कार्बन कार्यक्रम/आयोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने।
- कृषि तथा पशुपन्छी पालनमा आधारित कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्था समेतको सहकार्यमा ठूला क्षमाताका बायोग्यास प्लान्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण वा विस्थापित गर्नुका साथै बायोस्लरीबाट माटको पौष्टिक तत्व अभिवृद्धि गर्ने।

**५. यातायात प्रणाली**

**सडक यातायात**

- उच्च क्षमताका द्रूतमार्ग, भूमिगत मार्ग, भाया-डक्ट लगायतका आधुनिक संरचना सहितको गुरुयोजनामा आधारित सडक सञ्जालको विकास गर्ने।
- संस्थागत क्षमताको विकासलाई उच्च प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने।
- परम्परागत सरकारी श्रोतमाथिको निर्भरता घटाई लगानीका वैकल्पिक स्रोतहरु जुटाउने।
- सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रिकीकरणमा जोड दिने।
- प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले हुनसक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गर्ने।

**हवाई यातायात**

- हवाई पूर्वाधारहरुको निर्माण, विकास तथा व्यवस्थापनमा सरकार र निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने ।

- सुरक्षा प्रावधान सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अवलम्वन र नविन प्रविधिको उच्चतम उपयोग गरी हवाई सेवालाई थप सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउने ।
- हवाई उड्डयन सेवा र हवाई उड्डयन नियमन नियामक निकायको संरचनात्मक सुदृढीकरण गर्ने ।
- सेवा प्रदायक निकायहरुलाई सक्षम, प्रतिस्पर्धी र प्रभावकारी बनाई हवाई सेवालाई सर्वसुलभ बनाउने ।
- हवाई सम्झौता र हवाई मार्ग विस्तार र बजार प्रवर्द्धन गरी नेपाली वायुसेवा कम्पनीहरूको अन्तर्राष्ट्रिय बजारसम्म पँहुच वृद्धि गर्ने ।

**रेल यातायात**

- रेलमार्गको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय आवश्यकता पहिचान, विकास र विस्तार गर्ने ।
- रेल विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- रेल यातायातको पूर्वाधार विकास तथा सञ्चालनमा लगानीका भरपर्दा वैकल्पिक स्रोत प्रवर्द्धन गर्ने ।
- रेल सेवासँग सम्बन्धित जनशक्ति उत्पादन गर्ने ।

**जल यातायात**

- आन्तरिक तथा समुन्द्रसम्म पहुँचका लागि जल यातायातको विकास र विस्तार गर्ने ।
- जल यातायात सेवा विकासको लागि निजी एवम् अन्य क्षेत्रको लगानी आकर्षित गर्ने ।
- जल यातायात विकास र संचालनमा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- छिमेकी देशसँग सहकार्य गर्ने ।

**यातायात व्यवस्थापन**

- संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने ।
- दिगो तथा वातावरणमैत्री (न्यून हरित ग्यास उत्सर्जन गर्ने) सवारी साधनको उपयोगमा जोड दिने ।
- सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने ।
- यातायात व्यवस्थापनमा प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्दै जाने ।
- यातायात क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण क्षेत्रको रूपमा विकास गर्ने ।

## ६. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

- सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने ।
- पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चतता गर्दै आमसञ्चारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
- दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुऱ्याउने ।
- डिजिटाईजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने ।
- संस्थागत पूनर्संरचना मार्फत हुलाक सेवालाई स्वायत्त, प्रतिस्पर्धी र व्यवसायिक बनाउने ।
- चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रबर्धन गर्ने ।

- सुरक्षण मुद्रणको व्यवस्था गर्ने।
- विज्ञापन बजार व्यवस्थित बनाउने ।
- सूचना प्रविधिलाई यूवा रोजगारी र आर्थिक उत्पादनको प्रमुख माध्यमको रूपमा विकास गर्ने।

**७. ग्रामीण, सहरी तथा बस्ती विकास**

**ग्रामीण विकास**

- ग्रामीण विकास गुरुयोजनामा आधारित पूर्वाधार विकास तथा स्थानीय स्रोत साधन र प्रविधिमा आधारित उत्पादनशील पूर्वाधारको विकास र दिगोपनाको व्यवस्थापनामा प्राथमिकता दिने ।
- आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित हुने गरी स्थानीय सम्भाव्यताका आधारमा क्षेत्रगत प्राथमिकता निर्धारण गर्ने र ग्रामीण पूर्वाधारको विकास गर्ने।
- स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा सेवा प्रवाहलाई मितव्ययी र प्रभावकारी बनाउने।
- आय आर्जन र रोजगारीको सुनिश्चितता गर्दै बसाइ सराईलाई व्यवस्थित र न्यूनीकरण गर्ने।

**सहरी विकास**

- विद्यमान सहरहरूमा सामाजिक, भौतिक तथा आर्थिक पूर्वाधारहरुको व्यवस्था गर्ने।
- राष्ट्रिय शहरी प्रणाली विकासका लागि सबै प्रकारका स्रोत साधनहरुको पहिचान र समुचित उपयोग गरी लगानी निर्देशित गर्ने ।
- तीनै तहको समन्वयात्मक सहकार्यमा एकीकृत शहरी पूर्वाधार विकास र शहरी सेवा प्रवाहमा शहरी सुशासन प्रवर्द्धन गर्ने ।
- काठमाडौं उपत्यकालाई आकर्षक, समृद्ध र वातावरणमैत्री अत्याधुनिक, सुविधायुक्त र सांस्कृतिक राजधानी सहरका रूपमा विकास गर्ने।
- ग्रामीण प्रकृतिका घोषित सहरहरूलाई आधुनिक सहरमा रूपान्तरण गर्ने।
- सहरको रूपमा विकास हुदै गएका स्थानीय तहहरुलाई शहरी ग्रामको रूपमा विकास गर्ने।

**आवास तथा बस्ती विकास**

- संघ, प्रदेश र स्थानीय तहको क्षेत्रगत भूमिका स्पष्ट पार्दै संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- भौगोलिक रूपमा विकट, विकासको लागि बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरुलाई निरुत्साहित गर्ने र एकीकृत बस्ती विकास गर्ने।
- वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित तथा व्यवस्थित एकीकृत बस्तीहरूको विकास गर्ने।
- कमजोर आर्थिक अवस्थामा रहेका, दलित, मुस्लिम, लोपोन्मुख र सीमान्तकृत जातजाति तथा समुदाय तथा विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने।

- जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको लागि आवश्यक जग्गालगायत योजनाबद्ध भौतिक पूर्वाधार सेवाहरुको एकीकृत रूपमा विकास गर्ने।

## ८. शिक्षा, विज्ञान तथा प्रविधि

**शिक्षा**

- एक वर्ष अवधिको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने ।
- विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली (Accreditation System) विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने ।
- मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने ।
- निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्ने ।
- युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने ।
- सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) को माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सिद्धान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने ।
- उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामुखी बनाउने ।
- शिक्षण पेशामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका संकाय तथा शिक्षण तालिम प्रदायक संस्थाको पुनर्संरचना गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।
- ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्धति विकास गर्ने ।
- ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधिमैत्री सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणालीलाई सुदृढ, सबल एवम् अनिवार्य बनाउने ।
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत् सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने ।
- विदेशबाट उच्च तहको ज्ञान, सीप र दक्षता हासिल गरि फर्किएका जनशक्तिलाई अवसर सिर्जना गर्ने।

- परम्परागत र स्थानीय ज्ञान, सीप तथा प्रविधिको सम्बर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने ।
- सुशासन, पारदर्शिता र जवाफदेहीता कायम गर्न संरचना तथा कानुनी आधार तयार गरी शिक्षा र विज्ञान तथा प्रविधि सम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धि प्रति जिम्मेवार बनाउने ।
- विज्ञान र नवीनतम प्रविधिमा आधारित शैक्षिक संस्थाहरूको विकास गर्ने।
- अनुसन्धानमा आधारित शिक्षा प्रणालीको विकास गर्ने।
- विज्ञान तथा प्रविधि विषयको अध्ययनमा जोड दिने।

**विज्ञान तथा प्रविधि**

- समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्दै विज्ञानसम्मत विश्लेषण गर्ने संस्कारको विकास गर्ने ।
- विज्ञान तथा प्रविधिका लाभ तथा उपलब्धिहरुलाई आम नागरिकमा पुऱ्याई गुणस्तरीय जीवन हासिल गर्न सघाउने ।
- उदीयमान प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नव-प्रवर्तनलाई दिगो विकासका लक्ष्यहरुसँग तादात्म्यता कायम गर्ने ।
- देशमा उपलब्ध प्राकृतिक स्रोतहरुको प्रयोग र मूल्य अभिवृद्धिका लागि आवश्यक पूर्वाधार तथ प्राविधिक जनशक्ति तयार गर्ने ।
- युवा पिंढीलाई वैज्ञानिक ज्ञान र प्राविधिक सीप हासिलमा प्रतिष्पर्धी बन्न उत्प्रेरणा दिदै स्रोतको अधिकतम उपयोग र अनुसन्धानलाई परिणाममुखी बनाउन संस्थागत समन्वय कायम गर्ने ।
- प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा औद्योगिक उत्पादन वृद्धिका लागि अनुसन्धान तथा विकासमा लगानी बढाउदै वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास गर्ने ।

**९. स्वास्थ्य तथा जनसंख्या**

- प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूत देखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी तथा अन्य चिकित्सा पद्धतिहरूको योजनाबद्ध विकास र विस्तार गर्ने ।
- जीवनपथको अवधारणा (Life Course Approach) अनुरूप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई संबोधन गरी मातृशिशु, बालबालिका, किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य र परिवार योजना सेवालाई थप सुधार तथा विस्तार गर्ने ।
- जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवम् आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने ।
- स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने |

- स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गर्दै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने ।
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधि तथा औषधिजन्य सामाग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने।
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका एकीकृत उपाय अवलम्बन गर्ने ।
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकूल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र विस्तार गर्ने।
- आप्रवास प्रक्रियाबाट जनस्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाउने ।
- बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- सबै प्रदेशहरुमा स्वास्थ्य शिक्षण संस्थाहरुको क्रमश: विकास गर्ने।

## १०. खानेपानी

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने ।
- आयोजनाहरू समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा संचालनमा समस्या भएका आयोजनाको उचित मर्मत संभार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने ।
- सुधारिएको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिध्दान्त अनुरूप खानेपानी आयोजना संचालन गर्ने ।
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोरपानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने।
- मानवजन्य फोहोरपानी प्रशोधन सहित व्यवस्थापन तथा चर्पीको लेदो व्यवस्थापन गर्दै नदीनाला, जलाशय, जलाधार तथा ताल तलैयाको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने ।
- खानेपानी तथा सरसफाई आयोजनाहरूलाई जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण हुनेगरी दिगोपना कायम गर्ने ।
- खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण तथा जलस्रोतको बहु उपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रबर्धन गर्ने ।
- खानेपानी तथा सरसफाई सेवा प्रदायक निकायको समयानुकूल सुधार, सुदृढीकरण तथा समायोजन गर्ने ।

## ११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

### लैङ्गिक समानता तथा महिला सशक्तीकरण

- राज्यका सबै तह र क्षेत्रमा लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने ।
- राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने ।
- राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने ।
- लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने ।

- आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्ने ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

**बालबालिका तथा किशोरकिशोरी**

- बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने ।
- बालबालिकाको मानसिक तथा शारिरीक विकासका लागि प्रारम्भिक बाल विकासमा पहुँच बढाउने ।
- बाल बालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने।
- असहाय, अनाथ, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र सम्बर्धन गर्ने ।
- विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने ।
- राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने ।
- बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने ।
- विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्य वैकल्पिक हेरचाहलाई प्रवर्धन गर्ने ।

**ज्येष्ठ नागरिक**

- पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।
- असहाय, अशक्त, एकल (महिला, पुरुष) र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने ।
- ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षाका सेवालाई वृद्धि गर्ने ।

**अपाङ्गता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानुनहरुको पुनरावलोकन गर्ने ।
- अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गरी अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने ।
- अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारको सुविधा सहितको पुनर्स्थापना सेवाको व्यवस्था गर्ने ।
- सूचना र सञ्चार सुविधामा समेत अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने ।

- अपाङ्गता भएका व्यक्तिहरुप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद, हिंसाको अन्त्य गर्ने ।
- शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको उपचारलाई सहज बनाउने ।

## १२. युवा तथा खेलकुद

**युवा**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गर्ने ।
- युवामा सिर्जनशीलता, सकारात्मक सोच र नेतृत्त्व क्षमताको विकास गर्ने ।
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने ।
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने ।
- तीनै तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने ।
- युवामा स्वयम्सेवी र देश सेवाको संस्कृति विकास गर्ने ।
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।
- नेपाली संस्कृति, इतिहास र समग्र वस्तुस्थितिको बारेमा जानकार गराउने ।

**खेलकूद**

- सबै तहको सरकारसँगको समन्वय र सहकार्यमा खेलकूद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।
- खेलकूद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चानमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- खेलकूद विकासमा आवद्ध निकाय/संघसंस्थाहरूको क्षमता विकास तथा संस्थागत सुशासन प्रवर्द्धन गर्ने ।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा समाजका प्रत्येक तह र क्षेत्रमा खेलकूदको महत्व स्थापित गर्दै सबै उमेर समूहका नागरिकलाई खेलकूदको व्यवस्था गर्ने ।
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकूद गतिविधिलाई प्राथमिकता दिने ।
- खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय पहिचान र सम्मान बढाउने ।

## १३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा

**श्रम तथा रोजगारी**

- स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने ।
- विद्यमान श्रम तथा रोजगारसम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल श्रम औद्योगिक सम्बन्धको विकास गर्ने ।
- तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने ।
- तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने ।
- वैदेशिक रोजगारीका चरणलाई व्यवस्थित गर्दै यसलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने ।

- श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

- सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायको पँहुच बढाउने ।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने ।
- सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन अन्तर सरकार सूचना प्रणालीको विकास गर्ने ।
- शहरी विकास, ग्रामीण विकास, आवास तथा वस्ती विकास ।

**१४. लोकतन्त्र र सुशासन**

**शान्ति सुव्यवस्था र सुरक्षा**

- सामाजिक विकृति, द्वन्द्व,अपराध, हिंसा नियन्त्रण र लागू पदार्थको कारोबार, दुर्व्यसन तथा मदिराको अव्यवस्थित उत्पादन, बिक्री वितरण एवम् हानिकारक सेवनको नियन्त्रणका लागि आवश्यक कानुनी एवम् संस्थागत सुदृढीकरणसहित बहुसरोकारवाला निकायहरूसँग साझेदारी बढाउने ।
- कानुनको परिपालना र सामाजिक न्यायमार्फत दिगो शान्ति प्रबर्द्धन गर्ने ।
- विकासका सबै आयामहरूमा सुरक्षा चासोलाई आन्तरिकीकरण गर्ने ।
- अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा सुरक्षा सूचना प्रणालीमा (Security Intelligence) संस्थागत एवम् प्राविधिक सुदृढीकरण गर्ने ।
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने ।
- नेपाली सेना लगायत सबै सुरक्षा निकायलाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक तथा साधनस्रोत सम्पन्न बनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वसनियता अभिवृद्धि गर्ने ।
- सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्विपक्षीय एवम् बहुपक्षीय कूटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने ।
- कारागारको न्यूनतम मापदण्ड समयसापेक्ष रूपमा परिमार्जन गरी प्रविधिमैत्री सेवा सुविधा सहितको सुधारगृहका रूपमा विकास गर्ने ।
- बहु उपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवालाई क्रमशः आवद्ध गर्दै लैजाने ।

**नेतृत्व निर्माण**

- राजनीतिक, प्रशासनिक र निजी क्षेत्र लगायतको क्षेत्रमा सक्षम र प्रभावकारी नेतृत्व विकासका लागि योजना तयार गर्ने ।
- राष्ट्र सेवकहरूलाई सेवामुखी बनाउने र निजी क्षेत्रलाई पारदर्शी बनाउने ।

- ज्ञान, सीप, धारणा र मनोवृत्तिमा परिवर्तनका लागि क्षमता विकासमा जोड दिने ।
- पदमा मात्र आधारित नभई क्षमतामा आधारित नेतृत्व विकासलाई प्राभमिकता दिने ।

**निर्वाचन प्रणालीमा सुधार**

- राजनीतिक दलहरूलाई पारदर्शी, आत्मनिर्भर र सक्षम बनाउने ।
- निर्वाचन कानुन र मापदण्डलाई समयसापेक्ष बनाउने ।
- प्रभावकारी निर्वाचन शिक्षा संचालन तथा नवीनतम प्रविधिको उच्चतम प्रयोग गरी मतदाता नामावली दर्ता, तथाअद्यावधिक, मतदान र मतगणनासम्बन्धी कार्य गर्ने ।
- सबै राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीचको आपसी समन्वयबाट विश्वासिलो वातावरण सृजना गरी निर्वाचन सुरक्षालाई मजबुत र भरपर्दो बनाउने ।
- निर्वाचन आयोगको संस्थागत सुदृढीकरण गर्ने ।
- निर्वाचनलाई सरल र सहज बनाइ निर्वाचन खर्च न्यूनीकरण गर्ने ।

**मानव अधिकार**

- मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानून प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने ।
- मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।
- मानव अधिकारलाई एउटा संस्कृतिको रूपमा विकास गरी मानव अधिकारसम्बन्धी महासन्धिबाट सिर्जित दायित्व कार्यान्वयन गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबाट हुने योजना तथा कार्यक्रम कार्यान्वयनमा मानव अधिकारमुखी पद्दति अबलम्बन गर्ने ।

**न्याय प्रणाली**

- संविधान अनुकुलका आवश्यक कानून निर्माण गर्ने ।
- निःशुल्क कानूनी सहायता प्रभावकारी बनाउने ।
- अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउने तथा संस्थागत सुदृढीकरण गर्ने ।
- न्याय प्रणालीलाई पारदर्शी, जवाफदेही र विवादरहित बनाउने ।
- स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी एवम् सरकारी वकिलहरुको न्याय सम्पादन एवम् मुद्दा व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने ।
- मुद्दाका साक्षी र प्रमाणको प्रस्तुतिलाई प्रभावकारी बनाउने ।
- कानुनी शिक्षा र शिक्षण प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने ।

**संघीय शासन प्रणाली**

- संघीय संरचनालाई दिगो बनाउन आवश्यक कानूनी र संस्थागत आधार तयार गर्ने ।

- तिनै तहका सरकारको सहज र प्रभावकारी रूपमा संचालन गर्न योजना, नीति र रणनीति बनाई कार्यान्वयन गर्ने ।
- भौगोलिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक विविधताको महत्तम उपयोग गर्ने ।

**शासकीय सुधार**

- सरकारका काम कारवाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन सांगठनिक, कानूनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने ।
- विकास आयोजनाको कार्यन्वयनमा आईपर्ने समस्याहरुलाई सम्बोधन गर्न प्रविधिमा आधारित तत्काल समस्या समाधान प्रणाली अवलम्बन गर्ने ।
- राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीहरुको कार्यसम्पादनको स्तरलाई मापनयोग्य बनाई लागू गर्ने ।
- सार्वजनिक निकायका काम कारबाहीप्रति सकारात्मक छवि निर्माण गर्ने ।

**भ्रष्टाचार नियन्त्रण**

- सदाचार नीति बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- "भ्रष्टाचार समाज विरुद्धको अपराध हो" भन्ने तर्फ सचेतना जगाई असल नागरिक निर्माण गर्ने ।
- भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारबाहीलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक सेवामा लाग्ने खर्च, समायवधि तथा प्रकृया एवम् कार्यविधिको सम्बन्धमा स्पष्टता ल्याइ सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउने ।
- सार्वजनिक, निजी, सहकारी, सामुदायिक तथा गैर सरकारी क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गर्ने ।

## १५. अन्तरसम्बन्धित विषय

**तथ्याङ्क प्रणाली**

- संघीय पद्धति बमोजिम तथ्याङ्कीय कार्य व्यवस्थापनका लागि नीतिगत र संस्थागत व्यवस्था गर्ने ।
- नीति, योजना, अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य लगायतका उपयुक्त सूचकहरूको पहिचान र प्राथमिकीकरण गरी अन्तर्राष्ट्रियरूपमा प्रचलित विधि र गुणस्तर मापदण्ड अनुरूपको तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने ।
- तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतहरु (गणना, सर्वेक्षण तथा प्रशासनिक अभिलेख) को उपयोग गर्ने ।
- तथ्याङ्कीय क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोग अभिवृद्धि र नवीनतम प्रविधिहरु अवलम्बन गर्ने ।
- तहगत सरकारमा तथ्याङ्क व्यवस्थापन सम्बन्धी संगठनात्मक व्यवस्था, क्षमता विकास र प्रभावकारी समन्वय, आदानप्रदान र सञ्जालीकरण गर्ने ।

**गरिबी निवारण**

- सर्वेक्षणमार्फत गरिब घरपरिवार पहिचान गरी अध्यावधिक विवरण राख्ने।
- पहिचान भएका गरिब लक्षित गरी गरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने।
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी उत्पादनका साधन स्रोत र आधारभूत आवश्यकताका वस्तु तथा सेवाको उपलब्धताको सुनिश्चित गर्ने।

**समावेशीकरण**

- मुलुकमा उपलब्ध स्रोत साधनहरुमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने।
- संघ, प्रदेश र स्थानीय तहको निर्णय प्रकृया तथा प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- सबै वर्ग समुदायलाई सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने।
- आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय तथा पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्ने।

**अनुसन्धान तथा विकास**

- नेपालको शैक्षिक प्रणालीलाई व्यवहारिक,प्रयोगात्मक र अनुसन्धानमूलक बनाउन जोड दिने।
- तालिम र विकासलाई सैद्धान्तिक ज्ञान र व्यावहारिक अभ्यासमा प्रतिबिम्वित गरी अनुसन्धान तथा विकाससँग आवद्ध गर्ने।
- अनुसन्धान तथा विकासलाई राष्ट्रिय प्राथमिकतामा राखी निजी क्षेत्रको भूमिका सहित विगतका विषय क्षेत्रगत नीतिहरूको पुनरावलोकन गरी पृष्ठपोषण लिने।
- अनुसन्धान तथा विकासलाई अनुसन्धान आयोजना (Research Project) को रूपमा विकास गर्ने।
- अनुसन्धान तथा विकासको माध्यमबाट मानव संशाधन विकासमा जोड दिने।
- नीति निर्माणकर्तालाई व्यवसायिकता तथा विषय क्षेत्रगत विज्ञ बनाउने वातावरण तयार गर्ने।

**उद्यमशीलता विकास**

- युवा उद्यमीलाई स्वदेशमा उद्यम गर्न आकर्षित गर्न सरकारका तीनै तहमा नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने ।
- निजी, सहकारी एवम् गैर सरकारी क्षेत्रसँगको सहकार्यमा स्थानीय स्तरका स्रोतसाधन र सीपको पहिचान र विकास गरी परिचालन गर्ने।

- परम्परागत ज्ञान र सीपलाई नविनतम प्रविधि र  उद्योग व्यवसायसँग आवद्ध गर्ने गरी युवा उद्यमशीलता प्रवर्द्धन गर्ने।
- लघु, घरेलु तथा साना उद्योगमा  उद्यमशीलताको लागि वित्तीय पहुँच र लगानीको  वातावरण सिर्जना गर्ने  ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन**

- विपद् जोखिम संवेदनशील शासन पद्दति सुदृढ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्दतिमा सुधार गर्ने।
- सबै तहका विषयगत विकास प्रक्रियाहरूमा जोखिम नक्साङकन तथा मूल्याङ्कनलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवम् उत्थानशीलता अभिबृद्धि गर्न सार्वजनिक तथा निजी लगानी, साझेदारी र सहकार्य वृद्धि गर्ने।
- समुदायदेखि राष्ट्रियस्तरसम्म प्रकोप र विपद् जोखिमको नक्शाङ्कन, अनुगमन, पूर्व चेतावनी, प्रतिकार्य समन्वय सम्बन्धी सूचना प्रणालीको स्थापना एवम् स्थानीय तहको क्षमता र साधन श्रोतको व्यवस्थापन गर्ने।
- विपद् जोखिमको अनुगमन, पूर्वानुमान, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति र प्रविधि विकास तथा सुदृढीकरण गर्ने।

**वातावरण**

- जल,  वायु, माटो र ध्वनि प्रदूषण तथा विद्युतीय विकिरणको राष्ट्रिय मापदण्ड तयार गरी सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने साथै प्रदुषण पीडितलाइ प्रदुषकवाट क्षतिपुर्ति उपलब्ध गराउने व्यवस्था गर्ने।
- पूर्वाधार विकास र वातावरणवीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्यांकन र न्यूनीकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाउने।
- फोहोरमैला व्यवस्थापनका लागि नवीन प्रविधिको आवलम्बन गर्ने।
- शहरी क्षेत्रमा योजनाबद्ध एकीकृत नदि व्यवस्थापन र हरियाली प्रबर्द्धन गर्ने।
- विश्वविद्यालय लगायतका अन्य निकायको सहकार्यमा वातावरण क्षेत्रमा शोध, अध्ययन, अनुसन्धान एवम् सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने।

**जलवायु परिवर्तन**

- जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत संरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने।
- समुदायको संकटापन्नता घटाई समानुकूलित बनाउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनकुलन योजना कार्यान्वयन गर्ने।
- जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ ऊर्जा प्रबर्धन गर्ने।

- जलवायु वित्तमा सहज पहुँचको लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरुलाई प्रदेश र स्थानीय तह तथा समुदायसम्म पुऱ्याउने ।
- जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता विकासका कार्य गर्ने ।

**जल तथा मौसम विज्ञान**

- नीति तथा कानुनको निर्माण गरी जल तथा मौसम मापन केन्द्रहरुको सञ्जालन, विस्तार, आधुनिकीकरण र मर्मत-संभार गरी विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवाहरु उपलव्ध गराउने ।
- जल तथा मौसम मापन केन्द्रहरुलाइ क्रमश: नविनतम् प्रविधि सहितको आधुनिक स्वचालित केन्द्रहरुमा रुपान्तरण र आवश्यकता अनुसार विस्तार गर्ने ।
- नदी बेसिन योजना बमोजिम विकासका पूर्वाधारहरुको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरुको पानीको सन्तुलन (Water Balance), थिग्रेनी अध्ययन तथा आँकलन गर्ने ।
- उच्च प्रविधियुक्त संयन्त्र मौसमी राडार, माथिल्लो वायुमण्डलको सूचना लिने संयन्त्र (Radiosonde), उच्च गतिको कम्प्युटर प्रणाली (High Computing Facility) आदिको प्रयोग गरी मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने ।
- विपद जोखिम न्यूनीकरणका सम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरे अनुरूप विभिन्न संघ-संस्थाहरुसँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास गरी संचालन गर्ने।
- विश्व मौसम संगठन (WMO), जलवायु परिवर्तन सम्बन्धि अन्तर सरकारी निकाय (IPCC), अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन (ICAO) र अन्य संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

**अन्तर्राष्ट्रिय सम्बन्ध**

- अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रबर्द्धन गर्ने ।
- नेपालको आर्थिक कूटनीतिलाई रणनीतिक तथा नतिजामूलक रूपमा परिचालन गर्ने ।
- राष्ट्रिय हित अनुकुल हुने गरी विद्यमान सन्धि, सम्झौता र समझदारीको पुनरावलोकन गर्ने ।

**१६. योजना तथा कार्यान्वयन**

**योजना**

- संघीय संरचना अनुकूल हुनेगरी विद्यमान योजना प्रणालीको सुदृढीकरण तथा विकास गर्ने ।
- विकास र आर्थिक समृद्धि हासिल गर्न उपलब्ध स्रोत साधन र राज्य संयन्त्रलाई प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गर्न तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न रूपान्तरणकारी आयोजनाको व्यवस्था र कार्यान्वयन गर्ने ।
- योजना तर्जुमामा संलग्न सार्वजनिक निकाय एवम् निजी, सहकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गरी ग्रहण क्षमता अभिवृद्धि गर्ने ।

**राष्ट्रिय आयोजना बैंक**

- आयोजनाको पहिचान, छनौट र प्राथमिकीकरणको मापदण्ड विकास गरी विधि सहितको राष्ट्रिय आयोजना बैंक राष्ट्रिय योजना आयोगमा रहने व्यवस्था भए अनुसार संस्थागत संरचना स्थापना गरिएकोले कार्यान्वयनमा रहेका (ongoing) र नयाँ आयोजनाहरूको विवरण राष्ट्रिय योजना बैंक व्यवस्थापन सूचना प्रणाली (Naional Project Bank Management Information System) प्रविष्ट गरे पश्चात मात्र बजेट विनियोजन गर्ने।
- आयोजनाहरुको पहिचान, वर्गीकरण, संभाव्यता अध्ययन, छनौट, मूल्यांकन तथा प्राथमिकीकरणको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने।

## ३. दिगो विकासका लक्ष्यसँगको सामञ्जस्यता

राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको "नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, खर्चको आँकलन र वित्तीय रणनीति"ले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने आर्थिक श्रोतको आँकलन र श्रोतका सम्भाव्य क्षेत्र पहिचान गरेको छ। उक्त प्रतिवेदन अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई वार्षिक औषत रु.२०.२५ खर्ब लाग्ने देखिएको छ। उक्त रकम मध्ये वार्षिक औषत रु.११.११ खर्ब सरकारी क्षेत्रबाट, वार्षिक औषत रु.७.३९ खर्ब निजी क्षेत्रबाट, वार्षिक औषत रु ८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र वार्षिक औषत रु.८८ अर्ब घरपरिवार क्षेत्रबाट लगानी गर्नुपर्ने अनुमान छ। सहकारी तथा गैरसरकारी क्षेत्रबाट र घरपरिवार क्षेत्रबाट उपलव्ध हुने सबै लगानी दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रयोग हुने अपेक्षा गरिएको छ। हालको लगानीको प्रवृत्ति हेर्दा सरकारी क्षेत्रबाट हुने लगानीमा वार्षिक औषत रु.२९८ अर्ब र निजी क्षेत्रबाट हुने लगानीमा वार्षिक औषत रु.३६७ अर्ब गरी जम्मा वार्षिक औषत रु.५८५ अर्ब दिगो विकास लक्ष्य हासिल गर्न नपुग हुने देखिन्छ। यस पृष्ठभूमिमा देहायका विषयहरूलाई ध्यानमा राखी आगमा आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

- दिगो विकास लक्ष्यहरू,२०३० लाई विषय क्षेत्रगत योजनामा समावेश गरी सो अनुरूप वार्षिक विकास कार्यक्रम तथा बजेटमा आन्तरिकीकरण गर्ने।
- दिगो विकास लक्ष्यहरू, २०३० का क्षेत्रगत लक्ष्यहरूसँग सामञ्जस्यता गर्दै राष्ट्रिय लक्ष्यहरू हासिल गर्न नेपाल दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, वित्तीय खर्चको आँकलन र व्यवस्थापन रणनीति प्रतिवेदनले आँकलन गरेको क्षेत्रगत वित्तीय आवश्यकतालाई मध्यनजर गर्दै वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
- आगामी पाँच वर्षमा निजी क्षेत्रको लगानीमा उल्लेख्य मात्रामा वृद्धि गर्नु पर्ने भएकोले यस क्षेत्रको लगानी प्रवर्द्धन गर्नको लागि विषय क्षेत्रगत कार्यक्रम/आयोजनालाई वार्षिक विकास कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि नेपालको प्रतिवद्धता अनुसार राष्ट्रिय सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्ने।

## ४. समष्टिगत आर्थिक खाका

आर्थिक समृद्धि र समतामूलक समाज निर्माण गर्न, यस योजना अवधिमा औषत दुई अंकको आर्थिक वृद्धि हासिल गर्न, सघन, गुणस्तरीय र आधुनिक पूर्वाधार एवम् मानव पूँजी निर्माण गर्न, आम नागरिकको जीवनमा गुणात्मक सुधार गर्न निरपेक्ष गरिबीको अन्त्य गर्न तथा आय असमानतामा कमी ल्याउन; जनसांख्यिक लाभको उपयोग गर्न, कृषि र वनजन्य उत्पादनमा व्यावसायिकीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्ने, स्वस्थ तथा शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने र विपद् तथा जोखिम उत्थानशील र जलवायु अनुकुलनशील उत्पादन र उत्पादकत्व वृद्धि गर्ने वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन प्रमुख विषयको रूपमा रहेको छ ।

संवैधानिक कार्य जिम्मेवारी अनुरूप संघ, प्रदेश र स्थानीय तहसम्म स्रोत साधनको वितरण, जनशक्ति, संरचनागत एवम् संस्थागत प्रवर्धन र सबलीकरण मार्फत् शासकीय तथा वित्तीय संघीयताको कार्यान्वयन र सुदृढीकरण गर्न; प्रदेश तथा स्थानीय सरकारहरूको सक्रिय सञ्चालनबाट राष्ट्रिय सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** को कार्यान्वयन गर्न र लक्षित उपलब्धि हासिल गर्ने दिशामा वार्षिक विकास कार्यक्रम र आयोजनाहरूको कार्यान्वयन र उपलब्धि मूल्याङ्कन हुने सुदृढ प्रणाली विकास गर्न अपरिहार्य रहेको छ । साथै, समृद्धि सिर्जनाको आधार तयार गर्न स्थानीय एवम् प्रादेशिक क्षेत्रमा आर्थिक क्रियाकलाप वृद्धि आवश्यक हुने हुँदा त्यसको लागि आवश्यक पर्ने भौतिक एवम् सामाजिक पूर्वाधार निर्माण गर्ने कार्यलाई प्रथमिकतामा राखी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नु पर्नेछ।

## ५. समष्टिगत मार्गदर्शन

वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा उत्पादनशील रोजगारी सिर्जना, न्यायोचित वितरण तथा सामाजिक संरक्षण र सुरक्षा सहितको आर्थिक वृद्धि हासिल गर्न उपलब्ध स्रोत साधनको महत्तम परिचालन हुने गरी गर्नुपर्नेछ । निजी, सहकारी र सामुदायिक क्षेत्रहरूबाट गरिने लगानीको उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा उद्यमशीलता प्रवर्द्धनद्वारा अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारमुलक र आत्मनिर्भर बनाउन, अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्न र योजनाका लक्ष्य, उद्देश्य र रणनीतिहरू कार्यान्वयन गर्ने दिशामा केन्द्रित हुनुपर्नेछ । आगामी वर्षको बजेट तथा कार्यक्रमले योजनाले पहिचान गरेका रूपान्तरणका संवाहकको क्षेत्रमा लगानी केन्द्रित गर्दै अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनद्वारा राष्ट्रिय अर्थतन्त्रको आकार वृद्धि गर्न सहयोग गर्नुपर्नेछ । यसको लागि स्वदेशी तथा बाह्य स्रोत र साधनको साथै अन्तरसरकारी वित्तको महत्तम परिचालनद्वारा तीनै तहको सरकारको कार्यमा सामञ्जस्यता कायम गरी आर्थिक समृद्धि र नागरिक सुखको अनुभूतिको आधार सिर्जना गर्ने गरी आयोजना तथा देहाय बमोजिम वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्नेछ।

१. पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) को प्रारम्भिक अवधारणा पत्र तथा प्रारम्भिक आधार पत्रमा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा वर्तमान सरकारका प्राथमिकतामा आधारित रही समष्टिगत तथा विषयक्षेत्रगत नतिजा सूचकहरुमा निर्दिष्ट लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । साथै, प्रारम्भिक आधारपत्रको दस्तावेजमा उल्लेखित विषयहरू परिवर्तन भएमा सोही बमोजिम प्रस्ताव गर्ने।

२. दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट, नीति तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याई बजेट तर्जुमामा विनियोजन कुशलता हासिल हुने गरी बजेट प्रस्ताव गर्ने ।

३. राष्ट्रिय गौरव र उच्च प्राथमिकता प्राप्त राष्ट्रिय महत्त्वका आयोजनालाई बजेट सीमा उपलब्ध गराउँदा नै न्यूनतम बजेट सुनिश्चितता (Earmark) गर्ने ।

४. अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता दिइ बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरुको लागि मध्यमकालीन खर्च संरचनामा भएको व्यवस्था अनुरूप अनिवार्य रूपमा पर्याप्त रकम प्रस्ताव गर्ने।

५. वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवदनले दिएका सुझावहरू समेतलाई ध्यानमा राखी प्रस्ताव गर्ने ।

६. निजी क्षेत्रका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण एवम् लगानीमैत्री हुने कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

७. वैदेशिक सहायतामा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको कार्यान्वयन सम्बन्धमा अन्तराष्ट्रिय आर्थिक सहायता नीतिको प्रावधान बमोजिम हुने गरी प्रस्ताव गर्ने ।

८. पन्ध्रौ योजनाका रूपान्तरणकारी कार्यक्रम एवम् आयोजना योजना अवधि भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने । यो अवधिभित्र सम्पन्न हुन नसक्ने भएमा अर्को योजना अवधिको अधिकतम २ वर्ष भित्र सम्पन्न गर्ने गरी आयोजना अवधि प्रस्ताव गर्ने ।

९. आयोजना/कार्यक्रम कहिले सुरू भएको थियो, हालसम्मको भौतिक एवम् वित्तीय प्रगतिको समग्र प्रगति विवरण तयार गरी बजेट छलफलमा पेश गर्ने । मन्त्रालय/ निकायगतगत सीमाको अधिनमा रही कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजना आगामी ५ वर्ष भित्रमा सम्पन्न गर्ने, आर्थिक वर्ष २०७५/७६ भित्र लगानी सहित बहुवर्षीय खरिद प्रकृयामा गएका आयोजनाको आगामी तीन वर्ष भित्र सम्पन्न गर्ने गरी प्राथमिकीकरण गरी न्यूनतम बजेट सुनिश्चिता (Earmark) गर्ने । क्रमागत आयोजनाको हकमा एक आपसमा गाभ्ने, हटाउने वा स्तरोन्नति गर्ने गरी पुनर्वर्गीकरण गरी आगामी तीन वर्ष भित्र सम्पन्न गर्ने गरी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

१०. क्षेत्रगत तथा समष्टिगत पूँजी निर्माण, रोजगारी सिर्जना, गरिवी निवारण, शासकीय सुधार लगायत उत्पादकत्व अभिवृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिने । साथै, उच्च प्रतिफल दिने र तत्काल आर्थिक सामाजिक लाभ हासिल हुनसक्ने क्रमागत कार्यक्रम/आयोजनाहरुलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने ।

११. सार्वजनिक निर्माण र वस्तु तथा सेवा खरिद गर्दा १५ प्रतिशतसम्म बढी मूल्य भएतापनि पनि स्वदेशी वस्तु तथा सेवा खरिद गर्ने गरी खर्च अनुमान गरी बजेट प्रस्ताव गर्ने ।

१२. बहु वर्षीय कार्यक्रम/ आयोजनाको बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनाको आधारमा सार्वजनिक खरिदको गुरू योजना स्वीकृत गरी सोको वार्षिक खरिद योजना अनुसार बजेट प्रस्ताव गर्ने ।

१३. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System - LMBIS) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक, खरिद योजना, अनुगमन तथा मूल्यांकन योजना लगायतका विवरणसहित अनिवार्य रूपमा प्रवृष्टि गर्ने । पुष्ट्याईं फाराममा नयाँ र क्रमागत कार्यक्रम/आयोजना अनिवार्य रूपमा छुट्याउने । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा

छलफल हुनुभन्दा अगावै अनिवार्य रूपमा सम्बन्धित मन्त्रालय/निकायले आन्तरिक रूपमै बजेट छलफल गर्ने व्यवस्था मिलाउने, उक्त छलफलमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको प्रतिनिधि आवश्यक भएमा उपस्थितिको लागि अनुरोध गर्ने र छलफलको निर्णय विकास कार्यक्रम तथा आयोजना प्रस्ताव साथ समावेश गर्ने ।

१४. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System – LMBIS) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक, खरिद योजना, अनुगमन तथा मूल्याङ्कन योजना लगायतका विवरण सहित खर्च गर्ने निकायबाट नै अनिवार्य रूपमा प्रविष्टि गर्ने । साथै, बजेट सीमा पठाँउदा नै तालुक निकायले मातहतका निकायलाई अनिवार्य रूपमा User ID र Password उपलब्ध गराउने ।

## ६. संघबाट सञ्चालन हुने तथा प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम तथा आयोजनाको बाँडफाँट

संघीयता कार्यान्वयनको सहजीकरण कार्ययोजना, २०७५ अनुसार राष्ट्रिय योजना आयोगको नेतृत्वमा संघ, प्रदेश र स्थानीय तहका बीचमा आयोजना वर्गीकरण गर्ने व्यवस्था भएकोमा अन्तर प्रदेश परिषद्को बैठकले निर्देश गरे अनुसार संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाको वर्तमान स्थिति समेत देखिने गरी अद्यावधिक विवरण तथा सोसँग सम्बन्धित दस्तावेजहरू समेत हस्तान्तरण गर्ने गरी फागुन मसान्त भित्र प्रारम्भिक रूपमा देहायको मापदण्डको आधारमा कार्यक्रम/ आयोजनाको वर्गीकरण गरी पठाउने ।

१. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/१२/७ को निर्णय अनुसार स्वीकृत **अनुसूची १** मा संलग्न आधार बमोजिम हाल केन्द्रबाट संचालित विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरी आर्थिक वर्ष २०७६/७७ मा संघले संचालन गर्ने विकास कार्यक्रम तथा आयोजना **अनुसूची २** को ढाँचामा प्रस्ताव गर्ने । साथै कार्यक्रम/आयोजना वर्गीकरणमा देहायका मापदण्ड समेत अवलम्बन गर्ने ।

२. हाल संघबाट सञ्चालन भइरहेका विकास कार्यक्रम तथा आयोजनामध्ये प्रदेश र स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने बहुवर्षीय ठेक्का अन्तर्गत निर्माणाधीन वा स्रोत सुनिश्चतता भइ प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न पहिचान गरिएका विकास कार्यक्रम तथा आयोजनाको विवरण **अनुसूची ३ र ४** को ढाँचामा आयोजनाको लगत र भौतिक तथा वित्तीय प्रगति सहित छुट्टै प्रस्ताव गर्ने ।

३. हाल संघबाट सञ्चालन भइरहेका संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र पर्ने विकास कार्यक्रम तथा आयोजनाको विवरण आयोजना अवधि, कुल लागत र भौतिक तथा वित्तीय प्रगति सहित **अनुसूची ३ र ४** को ढाँचामा प्रस्ताव गर्ने ।

४. प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने क्रमागत आयोजनाहरूका सम्बन्धमा प्रदेश र स्थानीय तहबाट माग संकलन गरी आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिसँग तादात्मयता हुनेगरी प्राथमिकीकरण गरी आयोजना बैंकमा प्रविष्ट गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

५. माथि उल्लेखित आधार तथा मापदण्ड बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रम/आयोजना बाँडफाँट पश्चात सशर्त रूपमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाको विवरण **अनुसूची ३ र ४** को ढाँचामा प्रस्ताव गर्ने ।

६. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

७. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रका सह-लगानीमा संचालन हुने कार्यक्रमका लागि लगानीको ढाँचा सहित कार्यक्रम प्रस्ताव गर्ने ।

८. प्रदेश र स्थानीय तहले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम विशेष र समपूरक अनुदानबाट सञ्चालन गर्ने कार्यक्रम/आयोजना प्रस्ताव गर्ने ।

९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ मा गरिएका व्यवस्थाका आधारमा बजेट प्रस्ताव गर्ने ।

१०. संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका कार्यक्रम/आयोजनाहरुलाई वर्गीकरण गरी सम्बन्धित तहले आवश्यक बजेट प्रस्ताव गर्ने ।

११. तलव भत्ता लगायतका प्रशासनिक खर्चका लागि सशर्त अनुदानमा रकम प्रस्ताव नगर्ने ।

१२. संघबाट हस्तान्तरण भएका बहुवर्षीय आयोजना/कार्यक्रमका लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने ।

१३. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भई सकेको कार्यक्रम/आयोजनाको लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने ।

**६.१ संघबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड**

क. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्त्वका कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने ।

ख. वैदेशिक सहयोगबाट सञ्चालित राष्ट्रिय, अन्तरप्रदेश स्तरीय र हाल कार्यान्वयनको अन्तिम चरणमा पुगेका र दुई वर्ष भित्र सम्पन्न हुने कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने ।

ग. संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम/आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने ।

घ. लामो समय देखि स्वीकृत भई कार्य प्रारम्भ नभएका, निरन्तर रूपमा ज्यादै न्यून बजेट विनियोजन गरी लामो समयदेखि बजेटमा समावेश गरिएको एवम् सम्भाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी शुरू मात्र भएका कार्यक्रम/आयोजनाहरूलाई पुनःप्राथमिकीकरण गर्ने र औचित्यताको आधारमा सञ्चालन गर्ने वा बन्द गर्ने ।

ङ. अवधि नतोकी सालबसाली रूपमा सञ्चालन भएका कार्यक्रम/आयोजना तथा निश्चित उद्देश्यका लागि वैदेशिक सहयोगमा सञ्चालन भई म्याद सकिएका तर विविध कारणले हाल नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालनमा रहेका कार्यक्रम/आयोजनालाई पूर्ण रूपमा स्थगित गर्ने र पुनःप्राथमिकीकरण गरी आवश्यक देखिएमा शून्यमा आधारित बजेट अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने व्यवस्था गर्ने ।

च. एक प्रदेश वा स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सीमित भएका कार्यक्रम/आयोजनालाई सम्बन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने ।

छ. जनतासँग प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका कार्यक्रम/आयोजना स्थानीय र प्रदेश तहमा हस्तान्तरण गर्ने ।

ज. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका साझा अधिकारका सूचीहरूमा रहेका विषयहरूसँग सम्बन्धित कार्यक्रम तथा आयोजना यथसम्भव प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने ।

झ. पचास प्रतिशत भन्दा बढी भौतिक एवम् वित्तीय प्रगति भइरहेका कार्यक्रम/आयोजनाहरूको यथासम्भव छिटो सम्पन्न गर्ने ।

ञ. एकै प्रकृतिका कार्यक्रम/आयोजनाका विभिन्न बजेट उपशीर्षकहरू एकीकृत गर्ने । केन्द्रबाटै सञ्चालन गर्ने गरी अवण्डा देखाइएको कार्यक्रमलाई खर्च अधिकार र कार्यक्रम/आयोजनाको प्रकृति हेरी तीन वटै तहमा विभाजन गर्ने ।

**६.२ प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड**

क. सशर्त अनुदान अन्तर्गत आयोजना कार्यान्वयन गर्न संघबाट प्रदेश तहमा हस्तान्तरण भएका वा हुने कार्यक्रम/आयोजनाहरूमा निम्न प्रक्रिया वा मापदण्ड अपनाउने ।

अ. बहुवर्षीय ठेक्का लागेका आयोजनाहरूको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरू मिति, सम्पन्न हुने मिति, विस्तृत कार्यक्रम/आयोजना प्रतिवेदन, वित्तीय एवम् भौतिक प्रगति, तत्काल समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यावसायीको विगतको कार्य सम्पन्नताको अवस्था, भेरियसन भए/नभएको, मूल्य समायोजन भए/नभएको, आदि) तयार गरी बजेट प्रस्तावमा संलग्न गर्ने ।

आ. संघबाट प्रदेशमा हस्तान्तरण भएका आयोजनाको उपलब्ध स्रोतको आधारमा प्राथमिकीकरण गरी स्रोतको सुनिश्चितता सहित आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

ख. प्रदेश भित्र जिल्ला तह वा एक भन्दा बढी स्थानीय तहलाई समेट्ने कार्यक्रम/आयोजना प्रदेशबाट स्थानीय तहको समन्वय समेतमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने ।

ग. प्रदेश भित्र मात्र सञ्चालन भएका, प्रदेश विशेष वा प्रदेशलाई तुलनात्मक लाभ हुने क्षेत्रका कार्यक्रम/आयोजना प्रदेशबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

घ. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत कार्यान्वयन सुनिश्चितता नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित प्रदेश आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाउने ।

ङ. राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकम मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम रञ्चालन गर्ने व्यवस्था मिलाउने ।

च. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका पुँजीगत खर्च गर्न नहुने व्यवस्था मिलाउने ।

**६.३ स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड**

क. संघ र प्रदेशबाट सञ्चालन गर्ने भनी उल्लेख नगरिएका, माथि उल्लेख गरिए अनुरूप स्थानीय तहमा मात्र हस्तान्तरण गर्नुपर्ने र स्थानीय तहको अधिकार भित्र रहेका आयोजना/कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ख. साविकमा विषयगत मन्त्रालयहरूबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएका कार्यक्रम स्थानीय तहबाटै सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजस्वबाट मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

घ. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका पुँजीगत खर्च गर्न नहुने व्यवस्था मिलाउने ।

## ७. खर्च प्रभावकारिता तथा मितव्ययिता

१. पुँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गर्नुका साथै, वित्तीय अनुशासन कायम हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने र खर्चलाई नतिजासँग आबद्ध हुनेगरी बजेट प्रस्ताव गर्ने । भैपरी आउने चालु खर्चमा सकेसम्म बजेट प्रस्ताव नगर्ने र गर्नै पर्ने अवस्थामा प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने । साथै, समान प्रकृतिका स–साना आयोजनाहरू गाभ्ने वा खारेज गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

२. नयाँ भवन निर्माण र सवारी साधन खरिदको लागि रकम प्रस्ताव नगर्ने । राष्ट्रको प्रतिनिधित्व गरेर अनिवार्य रूपमा सहभागिता हुनुपर्ने वैदेशिक कार्यक्रम बाहेक अवलोकन, अध्ययन वा अन्य कुनै नाममा नेपाल सरकारको दायित्व (वैदेशिक ऋण समेत) पर्ने गरी वैदेशिक भ्रमणका लागि रकम प्रस्ताव नगर्ने ।

३. प्रदेश र स्थानीय तहमा बजेट हस्तान्तरण गर्दा वित्त हस्तान्तरण (Fiscal Transfer) को माध्यमबाट मात्र गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

४. विकास कार्यक्रम/ आयोजनाको भौतिक तथा वित्तीय प्रगति/अवस्थाको अनुगमन तथा मूल्याङ्कन योजना सहित बजेट प्रस्ताव गर्ने । यसरी अनुगमन तथा मूल्याङ्कन योजना बनाउदा कार्यक्रम/ योजना अवधिमा हुने अनुगमन तथा मूल्याङ्कन, संलग्न हुने निकायहरू तथा कर्मचारीको विवरण र बजेटमा उल्लेख गर्नुपर्ने ।

५. सिप विकास र तालिम जस्ता एकै प्रकृतिका सेवाहरू एउटै निकायबाट प्रदान गर्नेगरी निकायगत समन्वयमा कार्यक्रम गाभी बजेट प्रस्ताव गर्ने ।

## ७.१ प्रशासनिक तथा चालु खर्च

क. अनिवार्य दायित्व (तलब, भत्ता, बिमा घरभाडा, सञ्चार आदि) मा पर्याप्त रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने ।

ख. सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को पालना हुने गरी बजेट प्रस्ताव गर्ने ।

ग. चालु खर्च प्रस्ताव गर्दा एकाई र लागत विश्लेषण गरी मितव्ययी हुने गरी आवश्यक रकम प्रस्ताव गर्ने ।

घ. कार्यालय सञ्चालन खर्च, घर भाडा, बिजुली, पानी, संचार महशूल लगायतका अनिवार्य खर्च नियन्त्रण गर्ने ।

ङ. नेपाल सरकारको स्रोतबाट संचालन हुने आयोजना तथा कार्यक्रमबाट अनुदान दिंदा सहकारी संस्थामार्फत मात्र उपलब्ध गराउने व्यवस्था गर्ने र त्यस्तो अनुदान रकम कूल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने ।

च. समिति, बोर्ड, कोष, लगायतका सरकारी प्रतिष्ठानहरुलाई उपलब्ध गराइने अनुदान रकमबाट प्रतिबद्ध खर्चमा पर्याप्त रकम छुट्याएर मात्र कार्यक्रममा बजेट प्रस्ताव गर्ने ।

छ. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत नभएका दरबन्दीमा बजेट प्रस्ताव नगर्ने र स्वीकृत दरबन्दीभित्र रहेरमात्र अस्थायी र सेवा करारको लागि बजेट प्रस्ताव गर्ने ।

## ७.२ पुँजीगत खर्च

क. खरिद गुरूयोजनाको आधारमा स्पष्ट वार्षिक कार्यान्वयन योजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी खरीद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्याङ्कन योजनाको मस्यौदा संलग्न गर्ने ।

ख. वैदेशिक स्रोत यकिन गरी सम्झौता बमोजिमको रकम वा प्राप्त हुने सुनिश्चित भएका रकम मात्र प्रस्ताव गर्ने । सम्झौता बमोजिम समपूरक कोष (Counterpart Fund) बापत नेपाल सरकारको स्रोततर्फ आवश्यक पर्ने रकम समावेश गर्ने ।

ग. विकास निर्माणका पूर्वाधारका आयोजनाका लागि जग्गा अधिग्रहण गर्ने प्रयोजनार्थ मुआब्जा वितरण गर्न बजेट प्रस्ताव गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटको आधारमा गर्ने ।

घ. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई भरपर्दो, विश्वसनीय र व्यवहारिक बनाउने तथा बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउन विशेष महत्त्व दिने ।

ङ. राष्ट्रिय आयोजना बैङ्कमा कार्यक्रम/ आयोजना प्रविष्ट गरेर कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

## ७.३ वित्तीय व्यवस्था

क. प्रस्ताव गरिएको रकम पुँजीगत प्रकृतिका काममा खर्च गर्ने व्यवस्था मिलाउने ।

ख. बजेट खर्च गर्ने क्षमताको आधारमा विस्तृत कार्यक्रम सहित बजेट प्रस्ताव गर्ने ।

# ८. मध्यमकालीन खर्च संरचना तर्जुमा

१. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था बमोजिम यसैसाथ संलग्न **अनुसूची ५** मा संलग्न खाकामा मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने । सो खाकामा उल्लेख हुने अपेक्षित नतिजा/लक्ष्य हासिल गर्ने गरी आवश्यक बजेट सहित योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

२. प्रत्येक विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकता संकेत (१ वा २), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३), गरिबी निवारण संकेत (१ वा २), आवधिक योजनाको रणनीतिक संकेत (१–९), जलवायु परिवर्तन संकेत (१, २ वा ३) र दिगो विकास लक्ष्य संकेत (१–१७) उल्लेख गर्ने । प्राथमिकता संकेत उल्लेख गर्दा **अनुसूची ६** मा संलग्न आयोजना प्राथमिकीकरणका आधार तथा **अनुसूची ७** मा उल्लेखित प्राथमिकीकरण गर्ने तरिका बमोजिम प्रत्येक कार्यक्रम/आयोजनाको प्राथमिकता क्रम (१ वा २) खुलाउने ।

३. राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने नीति/कार्यक्रम र विनियोजनसम्बन्धी छलफलमा आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको लक्ष्य र प्रस्तावित बजेटबीचको सम्बन्धलाई स्पष्ट गर्नुपर्ने ।

## ९. कार्यक्रम तथा आयोजना छनौट तथा प्रस्ताव

१. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम, बहुवर्षीय ठेक्का सम्झौता भएका र स्रोत सुनिश्चितता दिइएका कार्यक्रम/आयोजनाको लागि पर्याप्त रकम सुनिश्चित हुने (Earmark) गरी प्रस्ताव गर्ने ।

२. साथै, आगामी आर्थिक वर्षभित्र नै सम्पन्न गर्न सकिने, उच्च प्रतिफल दिने र तत्काल आर्थिक–सामाजिक लाभ हासिल हुन सक्ने क्रमागत विकास कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई प्रस्ताव गर्ने ।

३. कार्यान्वयनमा आउने नयाँ कार्यक्रम/आयोजनाको लागि जग्गा प्राप्ति लगायतका तयारीका लागि आवश्यक स्रोत साधन व्यवस्था हुनेगरी बजेट प्रस्ताव गर्ने। नयाँ कार्यक्रम/आयोजना पहिचान तथा विकास गर्नको लागि बजेट प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैंकमा प्रविष्ट भएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्ने।

४. क्रमागत कार्यक्रम/आयोजना, सम्भाव्यता अध्ययन भैसकेका तथा कार्यान्वयनका लागि तयारी पुरा भएका नयाँ कार्यक्रम/आयोजनाको विवरण आयोजना बैंकमा प्रविष्ट गराएपछि मात्र कार्यक्रम प्रस्ताव गर्ने ।

५. वैदेशिक स्रोत एकिन गरी सम्झौता बमोजिमको रकम वा प्राप्त हुने सुनिश्चित भएका रकम मात्र प्रस्ताव गर्ने । सम्झौता बमोजिम समपूरक कोष (Counterpart Fund) बापत नेपाल सरकारको तर्फबाट आवश्यक पर्ने रकम समावेश गर्ने। वैदेशिक ऋण तथा अनुदान सहायता अन्तर्गतका कार्यक्रम र आयोजनाको कार्यसम्पन्न समय अत्यन्त लामो भएकोले सम्झौताको समय सारिणी अनुसार कार्यक्रम/आयोजना सम्पन्न गर्ने गरी खर्चको दक्षता बढाउने।

६. कार्यक्रम तथा बजेट तयार गर्दा अन्य मन्त्रालय/निकाय वा क्षेत्रको कार्यक्रम/आयोजनाको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने, सहकारी र निजी क्षेत्रलाई प्रबर्द्धन गर्ने, सरकारी-निजी क्षेत्रको सहकार्यलाई सहयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम/आयोजनाहरुलाई प्राथमिकता दिने ।

७. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई विश्वसनीय, भरपर्दो तथा व्यावहारिक बनाउने र बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउने विषयलाई विशेष महत्व दिने ।

८. निर्माण सम्बन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन तथा रेखांकन/नक्सांकन भइसकेका र प्रथम चौमासिकभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने ।

९. क्षेत्रगत रूपमा पहिचान भई प्राथमिकताका आधारमा राष्ट्रिय आयोजना बैंकमा समावेश भएका नयाँ आयोजनाहरुको अध्ययन, छनौट, मूल्यांकन तथा प्राथमिकीकरणको लागि मन्त्रालयगत रूपमा आयोजना विकास कोष (Project Development Fund) को व्यवस्था गरी निश्चित अवधिभित्र आयोजना अध्ययन तथा विकास कार्य सम्पन्न हुने सुनिश्चितता गर्ने ।

## १०. कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

१. कार्यक्रमको आवश्यकता, कार्यान्वयनमा लैजान आवश्यक पर्ने कार्यविधि, मापदण्ड लगायतका सम्पूर्ण आधारभूत कुराहरु, साधनको सुनिश्चितता तथा अनुगमन एवम् मूल्याङ्कनको आधार निश्चित गरी मन्त्रालयगत सीमा (नेपाल सरकार र वैदेशिक सहायता दुवै) भित्र रही कार्यक्रम प्रस्ताव गर्ने ।

२. मन्त्रालय/निकाय र सो अन्तर्गतको आयोजना कार्यान्वयन तथा खर्च गर्ने क्षमता सुदृढीकरण जस्ता पक्षलाई ध्यान दिई कार्यक्रम प्रस्ताव गर्ने । साथै, संघीय मन्त्रालय तथा अन्य निकाय एवम् प्रदेश र स्थानीय तहबीच समन्वय हुनेगरी प्रस्ताव गर्ने ।

## ११. संलग्न गर्नुपर्ने विवरण

१. आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली बमोजिम पेश गर्नुपर्ने विवरण समावेश गरी प्रस्ताव गर्ने ।

२. प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कार्यक्रम/आयोजनाको विवरण र सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको विवरण संलग्न गर्ने।

३. वार्षिक कार्यान्वयन योजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्यांकन योजनाको मस्यौदा संलग्न गर्ने ।

४. चालु आर्थिक वर्ष २०७५/७६ वा आगामी आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न हुने वा खारेज हुने कार्यक्रम/आयोजनाको विवरण उपलब्ध गराउने ।

५. प्रस्तावित पन्ध्रौं योजनाको नतिजा खाका, दिगो विकास लक्ष्य सूचकांक, आर्थिक वर्ष २०७४/७५ को वार्षिक विकास कार्यक्रम सञ्चालनबाट हासिल हुन सकेको प्रतिफल र आयोजना दस्तावेज (Project document) का आधारमा बजेट छलफल गरिने हुँदा छलफलका बखत ती दस्तावेज तथा विवरण अनिवार्य रूपमा प्रस्तुत गर्ने । आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची ३ मा उल्लेख भए बमोजिमको विवरण तयार भई स्वीकृत भएका कार्यक्रम तथा आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्ने ।

६. कार्यक्रम/ आयोजनाको जोखिम पक्ष एवम् कार्यान्वयनको क्रममा थप स्रोत आवश्यक पर्ने भएमा पुष्ट्याई सहित सो को छुट्टै विवरण तयार गर्ने। यसको आधारमा आवश्यकता अनुसार अर्थ मन्त्रालयले थप स्रोतको व्यवस्थापन मिलाउने।

मार्गदर्शनमा उल्लिखित निर्देशनमा आधारित रही आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने।

**पुनश्चः** आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५ र बजेट कोड (Budget Code) सम्बन्धी विवरण अर्थ मन्त्रालयको वेब साइट: https://mof.gov.np र राष्ट्रिय योजना आयोगको वेब साइट: https://www.npc.gov.np मा समेत हेर्न सकिने छ।

अनुसूची १

# आगामी आर्थिक वर्षको स्रोतको आँकलन र विकास कार्यक्रम बाँडफाँटका आधार

## १. आगामी आर्थिक वर्षको विकास कार्यक्रम बाँडफाँटका आधारहरू

नेपालको संविधान बमोजिम चालु आर्थिक वर्षसम्म नेपाल सरकारले संचालन गरिरहेका आयोजना/कार्यक्रमहरु तीनै तहका सरकारले संचालन गर्नका लागि यी आयोजना/कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था समेतको आधारमा बाँडफाँड गरी कार्यान्वयन गर्नुपर्ने भएकोले तीनका लागि देहाय बमोजिमका समष्टिगत र क्षेत्रगत आधारहरू तोकिएको छ।

### १.१ समष्टिगत आधारहरू

(१) नेपालको संविधानको अनूसूची ५, ६ र ८ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूचीमा परेका विषयहरू अन्तरगतका कार्यहरू तत् तत् तहले सम्पादन गर्ने। यस अन्तरगत साविकमा केन्द्रबाट कार्यान्वयन भइआएका कार्यक्रम तथा आयोजनाहरू जुन तहको कार्यक्षेत्रभित्र पर्दछ, सोही तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने।

(२) नेपालको संविधानको अनूसूची ७ मा उल्लेखित संघ र प्रदेशको साझा अधिकार तथा अनुसूची ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा परेका विषयहरू समेतका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी प्रतिवेदन" र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कार्यान्वयन गर्ने।

(३) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित संघीय विषयगत मन्त्रालयहरूको जिम्मेवारीमा परेका कार्यहरू संघले सम्पादन गर्ने।

(४) वैदेशिक सहायतामा सञ्चालित विकास कार्यक्रमहरू तत् तत् तहबाट कार्यान्वयन गर्ने। सोको राष्ट्रिय तथा अन्तर प्रदेश वा अन्तर स्थानीय तह समन्वय तथा अनुगमन एवम् विकास साझेदारहरूसँग समन्वय र सहजीकरण संघले गर्ने।

(५) बहुवर्षीय ठेक्कापट्टा भई सञ्चालनमा रहेका र नेपाल सरकारको दायित्व सिर्जना भएका विकास कार्यक्रमहरू तत् तत् तहमा स्रोत र ठेक्का सहित हस्तान्तरण गर्ने, सो को अनुगमन तथा समन्वय संघले गर्ने।

(६) समान प्रकृतिका विकास कार्यक्रमहरूलाई एकीकृत गरी संविधान बमोजिम जुन तहले सञ्चालन गर्नुपर्ने हो एकीकृत गरी सोही तहमा हस्तान्तरण गर्ने।

(७) चालु आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरूलाई अन्त्य गरी तिनको सञ्चालन र मर्मतका लागि संघले प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने।

(८) संघीय संरचना बमोजिम असान्दर्भिक रहेका तथा खर्चको भार बढाइरहेका विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण, केन्द्र, आयोगहरू खारेज गर्ने।

(९) अनुसन्धानमूलक, अन्वेषणात्मक तथा विशिष्टीकृत क्षमता विकास सम्बन्धी संस्था वा कार्यक्रमहरू एकीकृत रूपमा संघले सञ्चालन गर्ने।

(१०) एक भन्दा बढी इकाई वा तहमा उपयोग हुने तथा विभाजन गर्दा प्राविधिक तथा आर्थिक रूपमा उपयुक्त नहुने प्रकृतिका संस्था वा कार्यक्रमहरू एकीकृत रूपमा संघले सञ्चालन गर्ने।

(११) उच्चस्तरीय प्रविधिको प्रयोग तथा विस्तार गर्न आवश्यक पर्ने ठूला विकास कार्यक्रमहरू संघले सञ्चालन गर्ने।

(१२) कार्यान्वयनको लागि ठूलो लगानी आवश्यक पर्ने तथा वैदेशिक सहायता परिचालन गर्नुपर्ने राष्ट्रिय स्तरका आयोजना तथा कार्यक्रमहरू संघले सञ्चालन गर्ने।

(१३) राष्ट्रियस्तरका प्रयोगशाला संचालन र सोको मापदण्ड, प्रमाणीकरण (Accreditation) तथा अनुसन्धान कार्य संघले गर्ने ।

(१४) गरिबी निवारणमा राष्ट्रव्यापी प्रभाव पार्ने राष्ट्रियस्तरका कार्यक्रमहरू संघले गर्ने ।

(१५) एउटै आयोजना एकभन्दा बढी स्थानीय वा प्रदेश तहमा सञ्चालन हुने भएमा कार्यक्षेत्र अनुसारका तहले कार्यान्वयन गर्ने । सोको अनुगमन, नियमन, समन्वय र सहजीकरण संघले गर्ने । यसका लागि आयोजना समन्वय/सहजीकरण इकाई संघमा रहने ।

(१६) समष्टिगत/क्षेत्रगत नीति, कानुन, मापदण्ड, नियमन, समन्वय र अनुसन्धान सम्बन्धी कार्य संघले गर्ने ।

(१७) हाल संचालनमा रहेका तर नतिजामुखी नदेखिएका आयोजना/कार्यक्रमहरु खारेज गर्ने । दोहोरो परेकालाई समायोजन गर्ने ।

(१८) हाल कार्यान्वयनमा रहेका आयोजनाहरू तत्काल हस्तान्तरण गर्न व्यावहारिक कठिनाई पर्ने भएमा क्रमशः सम्बन्धित तहमा हस्तान्तरण गर्ने गरी हालका लागि संघले नै सञ्चालन गर्ने ।

### १.२ क्षेत्रगत आधारहरू

**(क) शासकीय व्यवस्था एवम् सुशासन**

१) संघबाट सञ्चालन हुने

- संघीय शासन प्रणाली र अन्तर प्रदेश समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- मानव अधिकार
- राष्ट्रिय अनुसन्धान, राजश्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार निवारण
- राष्ट्रिय तथा अन्तर प्रादेशिक आयोजनाहरूको नतिजा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- प्रदेश अनुसन्धान व्यूरो
- प्रादेशिक तथा स्थानीय आयोजनाहरूको नतिजा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सुशासन र सेवा प्रवाह

**(ख) अर्थ**

१) संघबाट सञ्चालन हुने

- संघीय सार्वजनिक वित्त व्यवस्थापन
- अन्तरसरकारी वित्त व्यवस्थापन तथा संघीय आर्थिक कार्य प्रणाली
- बैंकिङ्ग तथा वित्तीय क्षेत्र, पुँजीबजार र कर्जा सुरक्षण
- आर्थिक नीति विश्लेषण

- आन्तरिक ऋण व्यवस्थापन
- सार्वजनिक संस्थान
- वैदेशिक अनुदान, सहयोग तथा ऋण परिचालन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तथा सार्वजनिक वित्त व्यवस्थापन

**(ग) उद्योग, वाणिज्य तथा आपूर्ति**

(१) संघबाट सञ्चालन हुने

- औद्योगिक लगानी प्रवर्द्धन र सहजीकरण
- औद्योगिक पूर्वाधार विकास तथा विशेष आर्थिक क्षेत्र विकास, सञ्चालन र प्रवर्द्धन
- पेट्रोलियम तथा खानी अन्वेषण जस्ता ठूला लगानी आवश्यक पर्ने र राष्ट्रिय हित, द्विपक्षीय र बहुपक्षीय समन्वय आवश्यक पर्ने संवेदनशील लगानीका विषयहरू
- भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान
- समष्टिगत् प्रभाव पार्ने औद्योगिक व्यवसाय विकास सम्बन्धी कार्यक्रम
- व्यापार सूचना, निर्यात सहयोग, द्विपक्षीय तथा बहुपक्षीय व्यापार तथा पारवहन
- खाद्यवस्तु तथा अत्यावश्यक सेवाको सन्तुलित वितरण (जस्तैः नुन तथा खाद्यान्न ढुवानी)
- देशभर उत्पादित वस्तु र सेवाको राष्ट्रिय एवम् अन्तरर्राष्ट्रिय बजारीकरण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- ग्रामीण उद्यम तथा उद्यमशीलता प्रवर्द्धन
- बजार विकास र सोका लागि आवश्यक सीप विकास
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- बजार अनुगमन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- लघु, घरेलु तथा साना उद्योग सम्बन्धी विषयमा तालिम

(३) स्थानीय तहबाट सञ्चालन हुने

- लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास र प्रवर्द्धन
- उपभोक्ताको हक हितका विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू

**(घ) ऊर्जा,जलस्रोत तथा सिंचाइ**

(१) संघबाट सञ्चालन हुने

- ठूला प्रकृतिका (तराई-मधेशमा १०,००० हेक्टर भन्दा माथि र हिमाल पहाडमा १००० हेक्टरभन्दा माथिका) सिंचाइ आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन
- एकभन्दा बढी प्रदेशहरूसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- सीमा नदीहरूको विषयमा छिमेकी मित्र राष्ट्रहरूसँग हुने विवादहरूको समाधान
- ठूला नदीहरू (कोशी, गण्डकी, कर्णाली र महाकाली) नियन्त्रण तथा व्यवस्थापनको कार्य
- अन्तर प्रदेशमा सञ्चालन हुने आयोजनाहरू
- लम्बाइ २०० मिटर, फेदको चौडाइ १०० मिटर तथा कुल पहिरो क्षेत्र २०,००० वर्ग मिटर भन्दा माथिका पहिरो नियन्त्रण तथा व्यवस्थापन
- ठूला जलविद्युत आयोजनाहरू निर्माण र व्यवस्थापन
- ३३ के.भी. र सोभन्दा माथिका प्रसारण लाइनहरूको निर्माण, सञ्चालन र व्यवस्थापन
- विद्युतको राष्ट्रिय वितरण प्रणाली विकास र सञ्चालन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- तराई-मधेशमा २००० हेक्टर देखि २०,००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरूको मर्मत संम्भार तथा व्यवस्थापन
- प्रदेश स्तरीय जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूववेल तथा डिप टयूववेल सिंचाइ योजनाहरू तथा ट्यूववेल योजनाको मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्‌गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- ग्रामीण जलस्रोत व्यवस्थापन

- साना जलस्रोत संरचनाको पुनर्निर्माण, पुनर्स्थापन, मर्मत सम्भार तथा व्यवस्थापन
- साना सिंचाइ आयोजनाहरू
- ग्रामीण विद्युतीकरण
- साना पहिरो नियन्त्रण तथा व्यवस्थापन

**(ङ) कानुन, न्याय तथा संसदीय मामिला**

(१) संघबाट सञ्चालन हुने

- सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कार्यहरू
- अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम कानुन तर्जुमा
- संघीय प्रणाली बमोजिम विद्यमान कानुनको समीक्षा र परिमार्जन तथा नयाँ कानुन निर्माण
- न्याय प्रशासन सुधार
- निःशुल्क कानुनी सहायता

(२) प्रदेश तहबाट सञ्चालन हुने

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी परामर्श तथा निःशुल्क कानुनी सहायता
- मेलमिलाप र मध्यस्थता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सरकारका जनप्रतिनिधिहरूको न्याय सम्पादनसँग सम्बन्धित तालिम
- कानुनी परामर्श तथा निःशुल्क कानुनी सहायता
- स्थानीय मेलमिलाप र मध्यस्थता

**(च) कृषि,भूमि व्यवस्था तथा सहकारी**

(१) संघबाट सञ्चालन हुने

- कृषि तथा पशुपन्छीसम्बन्धी अनुसन्धान, प्रयोगशाला तथा क्वारेण्टाइन
- बजार श्रृंखला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा संचार एवम् बजार प्रवर्द्धन
- रासायनिक मल खरिद, आयात तथा अनुदान
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय स्तरका कार्यक्रम
- उन्नत बीऊ बिजन खरिद, विकास, प्रवर्द्धन र सन्तुलित वितरण
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन तथा सुपर जोनका कार्यक्रम
- पशु स्वास्थ्य, पशु रोग नियन्त्रण सम्बन्धी अनुसन्धान, उपचार र औषधि वितरण
- पशु नश्ल सुधार सम्बन्धी अनुसन्धान र व्यवस्थापन
- राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन
- अनुसन्धानमूलक कृषि तथा पशु फार्महरू

- भू-सूचना तथा अभिलेख व्यवस्थापन एवम् भू-उपयोग योजना सम्बन्धी कार्यहरू
- राष्ट्रिय नाप नक्सा, खगोल तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, अनुसन्धान, समन्वय, तथ्यांक व्यवस्थापन र अनुगमन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका फार्म केन्द्रहरू सञ्चालन र विकास
- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक र पकेट विकास सम्बन्धी कार्यहरू
- बीऊ आपूर्ति र नियमन
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी तालीम/प्रशिक्षण
- गरिब लक्षित विशिष्टीकृत कार्यहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरू
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक र पकेट विकास सम्बन्धी कार्यहरू
- राष्ट्रियस्तरमा प्रभाव पार्ने बाहेकका नाप नक्सा तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी दर्ता तथा सहकारीहरूको अनुगमन
- गरिब लक्षित विशिष्टीकृत कार्यहरू

**(छ) खानेपानी**

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय प्रकृतिका ठूला आयोजना
- सह लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना
- ढल प्रशोधन सहितका आयोजना
- तराई-मधेशमा ५० हजार, पहाडमा २५ हजार र हिमालमा ५ हजार भन्दा बढी जनसंख्यालाई प्रशोधित खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू
- ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुनेप

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू

- तराई-मधेशमा १० हजार देखि ५० हजार , पहाडमा १० हजारदेखि २५ हजार र हिमालमा २ हजारदेखि ५ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत खानेपानी आयोजना
- तराई-मधेशमा १० हजारसम्म, पहाडमा ५ हजारसम्म र हिमालमा २ हजारसम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको वितरण तथा अनुगमन
- सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि
- ग्रामीण खानेपानी तथा सरसफाइ र फोहोरमैला व्यवस्थापन

**(ज) गृह**

१) संघबाट सञ्चालन हुने

- देशभित्रको शान्ति सुरक्षा, शरणार्थी व्यवस्थापन र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन
- अध्यागमन
- विपद् व्यवस्थापन
- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल
- लागू औषध नियन्त्रण
- कारागार व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- कारागार व्यवस्थापन
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- स्थानीय प्रशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
- विपद् व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन तथा सचेतना
- नगर प्रहरी
- स्थानीय शान्ति समिति सम्बन्धी कार्य

- विपद् व्यवस्थापन

**(झ) परराष्ट्र**

१) संघबाट सञ्चालन हुने

- परराष्ट्र तथा कूटनीतिक मामिला र अन्तर्राष्ट्रिय सम्बन्ध
- आर्थिक कुटनीति
- गैर आवासीय नेपाली
- राहदानी तथा भिसा
- विदेशमा रहेका नेपालीको अभिलेख तथा उद्धार

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नभएको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नभएको

**(ञ) भौतिक पूर्वाधार तथा यातायात**

(१) संघबाट सञ्चालन हुने

- दुई वा दुई भन्दा बढी प्रदेश जोड्ने मुल सडक
- दुई वटा अन्तर्राष्ट्रिय सिमाना जोड्ने सडक
- राष्ट्रिय राजधानी वा प्रादेशिक राजधानीलाई अन्तर्राष्ट्रिय सीमासँग जोड्ने मुल सडक वा सो को खण्ड
- राष्ट्रिय राजधानी वा प्रदेश राजधानीहरूलाई एक आपसमा जोड्ने मूल सडक वा मूल सडक खण्ड
- राष्ट्रिय लोक मार्गलाई हाल पुनःसूचीकरण गर्दा साविक लोकमार्गको कुनै लिंक छुट्न गएको भए सो लिंक
- राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरू
- सुरुङ मार्ग र सुरुङ समेत समावेश भएको मार्ग
- यातायात तथा सडक सुरक्षा

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश स्तरका लोकमार्गहरू
- साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्यहरू (संरचना समेत)
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरू (ग्रामीण र कृषि सडक समेत)
- झोलुङ्गे पुल
- यातायात तथा सडक सुरक्षा सुदृढीकरण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय पूर्वाधार तथा कृषि सडक
- ग्रामीण पहुँच तथा सामुदायिक पूर्वाधार

- स्थानीय स्तरको यातायात नीति, योजना, अनुमति, नियमन र व्यवस्थापन
- स्थानीय  यातायात व्यवस्थापन तथा सडक सुरक्षा

**(ट) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

(१) संघबाट सञ्चालन हुने

- अन्तर्राष्ट्रिय अभिसन्धि, अनुबन्ध सम्बन्धी कार्यहरू तथा प्रतिवेदन
- राष्ट्रिय स्तरका वृद्धाश्रम व्यवस्थापन तथा अनुगमन
- बालबालिका सम्बन्धी नीति निर्माण
- सामाजिक संरक्षणका एकीकृत कार्यक्रम

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका महिला विकास कायर्क्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीयस्तरका महिला विकास कायर्क्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीलाई परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च सञ्चालन, दिवा सेवा केन्द्र सञ्चालनका कार्य
- सामाजिक संरक्षणका स्थानीय क्रियाकलापहरू

**(ठ) रक्षा**

१) संघबाट सञ्चालन हुने

- नेपाली सेना
- अन्तरराष्ट्रिय सिमानाको सुरक्षा तथा नियमन
- राष्ट्रिय सुरक्षा सूचना तथा संचार प्रणाली एवं संजाल स्थापना, संचालन र व्यवस्थापन
- राष्ट्रिय सेवा दलको संचालन र व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको सुरक्षा

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नरहेको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नरहेको

**(ड) युवा तथा खेलकुद**

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधारहरूको विकास, निर्माण तथा स्तरोन्नति

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(२) प्रदेश तहबाट सञ्चालन हुने

- युवा वैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन
- स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- स्थानीय स्तरका खेल प्रतियोगिता आयोजना

**(ढ) वन तथा वातावरण**

(१) संघबाट सञ्चालन हुने

- वन, वनस्पति तथा जडिबूटी, वन्यजन्तु, भू तथा जलाधार संरक्षण र व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, अनुसन्धान, सर्वेक्षण, सीमाङ्कन तथा राष्ट्रिय तथ्याङ्क व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सीमसार, साइटिस तथा वन्यजन्तु अपराध नियन्त्रण
- अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र
- राष्ट्रिय स्तरका वनस्पति उद्यान तथा हर्वेरियम व्यवस्थापन
- जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र लाभको बाँडफाँट सम्बन्धी नीति तथा मापदण्ड र लाभको बाँडफाँट
- जैविक विविधता व्यवस्थापन र नियमन
- प्रदूषण नियन्त्रण, कार्बन सेवा र कार्बन सञ्चिति
- जल तथा मौसम विज्ञान
- वन तथा वातावरण सम्बन्धी विशिष्टीकृत तालीम

(२) प्रदेश तहबाट सञ्चालन हुने

- एक भन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वनको व्यवस्थापन
- जडिबूटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन

- प्रदेश स्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण नियन्त्रण
- मौसम र जल मापन सञ्जाल व्यवस्थापन
- वन तथा वातावरण सम्बन्धी  तालीम
- जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन एवम् वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वन व्यवस्थापन
- स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन,  प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन
- भू तथा जलाधार संरक्षण
- प्रदूषण नियन्त्रण
- स्थानीयस्तरको जलवायु परिवर्तन जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापहरू

**(ण) शिक्षा, विज्ञान तथा प्रविधि**

(१) संघबाट सञ्चालन हुने

- शिक्षाका लागि खाद्यान्नको व्यवस्थापन र समन्वय
- उच्च शिक्षा
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालिमको समन्वय, मापदण्ड र प्रमाणीकरण
- प्लानेटोरीयम, विज्ञान प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान
- विद्यालय शिक्षा सम्बन्धी नियमन, पाठ्यक्रम विकास, परीक्षाको मानक तथा मापदण्ड

(२) प्रदेश तहबाट सञ्चालन हुने

- शिक्षाका लागि खाद्यान्न कार्यक्रमको सञ्चालन
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्राहलय तथा प्लानेटोरियम

(३) स्थानीय तहबाट सञ्चालन हुने

- विद्यालय शिक्षा
- अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम
- बाल विकास कार्यक्रम
- द्वन्द्वपीडित परिवार शिक्षाको व्यवस्थापन

**(त) श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

(१) संघबाट सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन र मापदण्ड
- वैदेशिक रोजगार सम्बन्धी नीति, नियमन, व्यवस्थापन र समन्वय
- सीप विकास तालीम र रोजगार प्रवर्द्धन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- सीप विकास तालिम र रोजगार प्रवर्द्धन

